# 4. नेपाली शिक्षा

## (a) नेपाली कथा र उपन्यास (ने.पा.शि ३२१)

**Exam 2067**

समय: ३ घन्टा | पूर्णाङ्क: १००

**समूह "क"**

सबै प्रश्नहरु अनिवार्य छन्। सर्वोपयुक्त उत्तरमा रेजा (√) चिन्ह लगाउनुहोस्।

१. "जीवनमा आइपरेको घट्नाको स्मृति नै कथा हो" भन्ने भनाइ कसको हो ?
(क) गोविन्दबहादुर मल्ल गोठाले (ख) ईश्वर बराल
(ग) लक्ष्मीप्रसाद देवकोटा (घ) रत्नध्वज जोशी

२. लोक कथाको विशेषताभित्र नपर्ने कुरा कुन हो ?
(क) कल्पनाको प्रचुरता (ख) उपदेशमूलकता
(ग) मनोरञ्जनात्मकता (घ) जीवनको वास्तविकताको उद्घाटन

३. माध्यमिक कालीन नेपाली कथाको मूल प्रवृत्ति कुन हो ?
(क) अतिरञ्जनापूर्ण आख्यानको प्रयोग (ख) अतिमानवीय तत्वको बहिष्कार
(ग) बौद्धिक जागरणको सूत्रपात (घ) विधागत सशक्तीकरण

४. अकथा सिर्जनाको उर्वर चरण कुन हो ?
(क) पहिलो (ख) दोस्रो
(ग) तेस्रो (घ) चौथो

५. विश्वजनीन कथा सिर्जनाको श्रेय कसलाई जान्छ ?
(क) गुरुप्रसाद मैनाली (ख) विश्वेश्वरप्रसाद कोइराला
(ग) मदनमणि दीक्षित (घ) पारिजात

६. 'बाप वैरी साध्ने' कुरा लुकेको हुन्छ भन्ने भनाइ कुन कथासँग सम्बन्धित छ ?
(क) परिबन्द (ख) शत्रु
(ग) थैलेखत्रीको इतिहासि (घ) माछोमाछो भ्यागुतो

७. डायरी शैलीमा लेखिएको कथा कुन हो ?
(क) पहेंलो गुलाफ (ख) थैलेखत्रीको इतिहास
(ग) सहीद (घ) सावित्रीको बाखो

८. आयामेली चिन्तनको प्रयोग भएको कथा कुन हो ?
(क) एकान्त (ख) चुनौती
(ग) एउटा बिचारको यात्रापथ (घ) निद्रा आएन

९. नेपाली कथा लेखनको उत्तरवर्ती प्रबृत्ति कस्तो रहेको छ ?
(क) रुग्ण, सुषुप्त र गतिमन्दता (ख) प्रखर वैचारिकता
(ग) यथार्थमाथि हस्तक्षेप (घ) मूल्यद्वन्द्वको बहिष्कार

१०. ऐतिहासिक विषयवस्तुलाई नवीन सन्दर्भमा प्रस्तुता गरिएको कथा कुन हो ?
(क) सहीद (ख) परिबन्द
(ग) चुनौती (घ) ग्यास च्याम्बरको मृत्यु

११. 'उपन्यास धेरै अध्यायमा लेखिएको लामो साहित्यिक कथा हो' यो भनाइ कसको हो ?
(क) इन्द्रबहादुर राई (ख) बालचन्द्र शर्मा
(ग) कृष्णचन्द्रसिंह प्रधान (घ) रत्नध्वज जोशी

१२. अतियथार्थवादको आमन्त्रण गर्ने उपन्यास कुन हो ?
(क) लङ्गडाको साथी (ख) पियानानी
(ग) गोरी (घ) अपर्णा

१३. माध्यमिक कालको सामाजिक सुधारसँग सम्बन्धित उपन्यास कुनलाई मानिन्छ ?
(क) चक्रपरिक्रम (ख) दयाकी भावी
(ग) सुमती (घ) शैब्या हरिश्चन्द्र

१४. समाजवादी यथार्थको प्रतिनिधित्व गर्ने पहिलो उपन्यास कुन हो ?

Question Bank Nepal

(क) आशमाया (ख) चेतनाको पिहिलो डाकं
(ग) अविरल बग्दछ इन्द्रावती (घ) नओइलाउने फूल

१५. उपन्यासमा मिथकीय धाराको आमन्त्रण कसले गऱ्यो ?
(क) ध्रुवचन्द्र गौतम (ख) विश्वेशवरप्रसाद कोइराला
(ग) दौलतविक्रम विष्ट (घ) मदनमणि दीक्षित

१६. 'मुलुक बाहिर' उपन्यासमा दृष्ट चरित्र भएको पात्र कुन हो ?
(क) रनबहादुर (ख) माइला भुजेल (ग) शेर्वा बूढा (घ) दलबहादुर

१७. 'जीवन असफलता हो, जीवन दुर्भाव्यपूर्ण छ, मानिस यसै पनि दुःखी छ र उसै पनि दुःखी छ' भन्ने भनाइ कसको हो ?
(क) सकम्बरी (ख) सुयोगवीर
(ग) शिवराज (घ) सोह्रवर्षे ठिटो

१८. म 'पहिलेकी मुनरिया मरिसकीं मान्नुमा मुनरियाको अभिव्यक्ति के कुरामा केन्द्रीत छ ?
(क) अस्मिता बोध (ख) विसङ्गत जीवन भोगाई
(ग) रुप सौन्दर्यको स्खलन (घ) पलायनता

१९. 'उपन्यास अर्थात् चौथो अन्त्यें को रविमाथिको छुरा प्रहार के को प्रतीक हो ?
(क) पुनः स्थापित प्रजातन्त्रको हत्या (ख) चाटुकारको बिगबिगी
(ग) अवसरवादी चरित्रको हाबी (घ) सङ्क्रमणकालीन सङ्कट

२०. डायस्पोरिक लेखनमा महत्व राख्ने कुरा के हो ?
(क) अभिघात सिद्धान्त (ख) माटोप्रतिको स्मरण
(ग) विदेशी भूमिको आकर्षण (घ) धनप्रतिको लिप्सा

सबै प्रश्नहरु अनिवार्य छन् ।

## समूह "ख"

१. कथा र उपन्यासलाई छुट्याउने मूल पक्षहरु के के हुन् ? उल्लेख गर्नुहोस् ।
२. उद्देश्यका आधारमा कथाको वर्गीकरण गर्नुहोस् ।
३. नेपाली कथाको परवर्ती परम्परा र प्रवृत्तिमाथि प्रकाश पानुहोस् ।

अथवा

नवचेतनावादी युगका मूलभूत प्रवृत्तिहरु केलाउनुहोस् ।
४. सहीदं कथाको परिवेशको समीक्षा गर्नुहोस् ।
५. 'सावित्रीको बाखो' कथाकी सावित्रीको मनोविज्ञान कुन रुपमा प्रस्तुत भएको छ ? उल्लेख गर्नुहोस् ।

अथवा

उपन्यासमा प्रतिबिम्बित हुने दृश्यात्मक र सङ्गक्षेप पद्धतिमाथि टिप्पणी गर्नुहोस् ।
६. आधुनिक नेपाली उपन्यासको विकासक्रममा समाजवादी धाराका प्रमुख उपलब्धिहरुको विवेचना गर्नुहोस् ।
७. 'मूलुकबाहिरे' उपन्यासका कारुणिक र मार्मिक पक्ष के के हुन् ? उल्लेख गर्नुहोस् ।
८. विसङ्गतिका कोणबाट 'शिरीषको फूले' उपन्यासको समीक्षा गर्नुहोस् ।

अथवा

'उपसंहार अर्थात् चौँथो अन्त्ये' उपन्यासको स्वैरकल्पनामाथि प्रकाश पार्नुहोस् ।

## समूह "ग"

९. आयामेली कथाकार इन्द्रबहादुर राईका प्रवृत्ति र योगदानहरुको चर्चा गर्नुहोस् ।

अथवा

नेपाली उपन्यासको परवर्ती परम्परा प्रयोग र प्रवृत्तिको उल्लेख गर्दै उत्तरवर्ती चरणमा योगदानं पुऱ्याउने कृत्ति र कृत्तिकारको मूल्याङ्कन गर्नुहोस् ।
१०. उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला र दौलतविक्रम विष्टका प्रवृत्तिगत समानता र भिन्नताको विवेचना गर्नुहोस् ।

Question Bank Nepal

## EXAM 2068

### समूह 'क'

१. प्रकृतिलाई वास्तविक संसार मानेर पात्रका क्रियाकलात्मकलाई जस्ताको तस्तै प्रस्तुत गर्ने कार्य कुन प्रवृत्ति अन्तर्गत पर्दछ ?

क) प्रयोगवादी
ख) पकृतिवादी
ग) अप्तित्ववादी
घ) विसंगतिवादी

२. अनुकुल र प्रतिकूल पात्रहरूको वर्गीकरण कुन आधारमा गरिन्छ ?

क) प्रवृत्ति
ख) स्वभाव
ग) आसन्नता
घ) आवद्धता

३. ऊ रोएको पनि छैन, हाँसेको पनि छैन । भन्ने वाक्यमा कुन दृष्टिविन्दु प्रयोग भएको छ ?

क) आन्तरिक
ख) केन्द्रीय
ग) परिधीय
घ) वाह्य

४. विसंगतिवादी जीवनको अभिव्यक्ति दिने पहिलो औप्रन्यासिक कृति कुन हो ?

क) शिरीषको फूल
ख) आज रिमता छ
ग) नरेन्द्र दाइ
घ) आलिखित

५. अर्धचेतन मनका माध्यमबाट अल्पना, स्वप्न, दिवा स्वप्न, स्वप्न सिद्धान्त तथा जीवनको खोक्रोपनप्रति आक्रोश व्यक्त गर्ने कला र साहित्यका क्षेत्रमा अभ्युदय भएको प्रवृत्ति कुन हो ?

क) सामाजिक यथार्थ
ख) अति अथार्थ
ग) आलोचनात्मक यथार्थ
घ) ऐतिहासिक यथार्थ

६. मुलुकबाहिर उपन्यासको प्रथम खण्डको समाप्ति कुन घटनासँग सम्बन्धित छ ?

क) म्याउली टिस्टाको पानीमा बगेपछि
ख) रनेले आत्महत्या गरेपछि
ग) माइला भुजेलले घर छाडेर हिँडेपछि
घ) माइला भुजेलले प्राण त्यागेपछि

७. मात्तिएको ठिटी, कत्रो हतार गरेको बिहे गर्नलाई वाक्यमा कसले कसलाई भनेको हो ?

क) शिवराजले रानी बहिनीलाई
ख) वरीले सानी बहिनीलाई
ग) सुयोगवरिले मुजुरालाई
घ) सुगोगवरिले सानी बहिनीलाई

८. हितोपदेश मित्रलाभका रचनाकार को हुन् ?

क) प्रादरी गंगाप्रसाद प्रधान
ख) भानुदत्त शर्मा
ग) शक्तिवल्लभ अर्याल
घ) सूर्यविक्रम ज्ञवाली

९. सामाजिक यथार्थवादी धाराको मूल प्रवृत्तिसँग मेलखाने कुन कुन हो ?

क) नेपाली समाजको यथार्थपरक बहुमुखी जीवन दृष्टिको प्रस्तुति
ख) क्षीण कथानक रचनामा रुची
ग) स्वैकरकल्पनाको प्रयोग
घ) अमूर्त कथालेखनतर्फ उन्मुखता

१०. समकालीन कथाको मूल स्वर के हो ?

क) विश्वजनीनता
ख) परम्परागत मान्यताप्रति आग्रह
ग) सुधार र नीति चेतनाको हिमायती
घ) चरित्रभन्दा घटना केन्द्रित कथा प्रस्तुतिमा रुची

११. अभगी मोरोको कर्ममा यस्तै माम्लामा पर्नुरैछ र पो यो भनाई कसको हो ?

क) रनबहादुर
ख) वीरबहादुर
ग) कृष्ण राय
घ) लुखुरे

१२. ग्यासच्याम्बरको मृत्यु कथामा ग्यासच्यम्बरलाई केको प्रतिक मानिएको छ ?

क) मानसंसारकर्ताको रूपमा
ख) मानवीयताका पक्षका रूपमा
ग) विध्वंसकारी युद्धका रूपमा
घ) आत्मिक प्रेमका रूपमा

१३. आद्योपान्त सन्देशमा खार्चिको कथा कुन हो ?

क) शहीद
ख) शत्रु
ग) सावित्रीको बाखो
घ) सिटीहलको बूढो ज्यामीसँग

१४. बटुकलाल कुन कथाका पुरुषपात्र हुन् ?

Question Bank Nepal

क) शत्रु ख) लाहुरी भैंसी
ग) थैलेखत्रीको इतिहास घ) चुनौति

१५. प्रगतिवादी वैचारिक चिन्तरसँग सम्बन्धित कथा कुन हो ?
क) थेलोखत्रीको इतिहास ख) लाहुरी भैंसी
ग) एकान्त घ) सिंङगारी बाखो

१६. दौरा सुरुवाल लगाएर पटुका बाँधी त्यसमाथि खुकुरी भिर्ने पात्र को हो ?
क) कान्छो राइ ख) कालिङ बूढा
ग) शवौ बूढा घ) माइला भुजेल

१७. झर्न त पर्छ भने भँवराको चोट सहेर किन झर्ने ? भन्ने भनाइ कस्तो चिन्तन रहेको छ ?
क) अस्तित्ववादी ख) विसंगतिवादी
ग) अतियथार्थवादी घ) यथार्थवादी

१८. यही मेरै दुष्टि तिमीहरू बस, म तिमीलाई बहिनीका रूपमा हेर्छु, भन्नुमा कुन कुन कुरा लुकेको छ ?
क) मनरियालाई सौता मान्न तयार भएर
ख) पति नरेन्द्र आफूभन्दा टाढा नजाओस् भनेर
ग) मुनरियासँग बदला लिन सकिन्छ भनेर
घ) जीवनदेखि हार खाएर

१९. डायस्पोरिक लेखनको मूल विशेषता भित्र कुन कुरा पर्दछ ?
क) अभिघात सिद्धान्त ख) विशेदी संस्कृतिप्रति मोह
ग) जीवनको यथार्थको चित्रण घ) जीवनको एकाङ्गीपन

२०. स्वप्नलोकको विचरण, जन्मभूमिको स्मरण तथा मान्छेबाट नै अपदस्त हुने त्रासको स्थिति कुन उपन्यासमा प्रवल रहेको छ ?
क) मुलक बाहिर ख) भोका र भित्ताहरू
ग) शिरीषको फूल घ) यमपुरीको महल

सबै प्रश्नहरू अनिवार्य छन् ।

## समूह 'ख' (८×७=५६)

१. प्रवृत्तिका आधारमा कथाको वर्गीकरण गर्नुहोस् ।
२. प्राथमिक कालीन नेपाली कथामा मुख्य पलब्धिहरूको उल्लेख गर्नुहोस् ।
३. प्रगतिवादीको यथार्थवादी धाराका नेपाली कथाहरूको विशेषता केलाउनुहोस् ।

अथाव

नेपाली कथाको समकालीन धाराका मूलभूल प्रवृत्तिहरूको चर्चा गर्नुहोस् ।
४. परिबन्द कथाको आन्तरिक परिवेशको समीक्षा गर्नुहोस् ।
५. मान्छेको अज्ञात शत्रु ठान्नु हुँदैन भन्ने भनाइलाई पाठ्यकथा शत्रुका आधारमा पुष्टि गर्नुहोस् ।

अथवा

सिटीहलको बूढो ज्यामीसँग कथाको कथ्य विषयको विवेचना गर्नुहोस् ।
६. कुनै चार उत्कृष्ट परिभाषासहति उपन्यास विधालाई चिनाउनुहोस् ।
७. आन्तरिक दुष्टिविन्दुको परिचय प्रस्तुत गर्नुहोस् ।
८. शिरीषको फूल उपन्यासको विसङ्गत पक्ष के हो ? उल्लेख गर्नुहोस् ।

अथवा

डायस्पोरिक उपन्यासको रूपमा यमपुरीको महललाई चिनाउनुहोस् ।

## समूह 'ग' २×१२=२४

९. आधुनिक नेपाली कथाका प्रमुख धारा र प्रवृत्तिहरूको उल्लेख गरी पहिलो चरणका मुख्य उपलब्धिहरूको लेखाजोखा गर्नुहोस् ।

अथवा

उपन्यासका उपकरणहरूको उल्लेख गर्दै त्यसैका आधारमा मुलुक बाहिर उपन्यासको विश्लेषण गर्नुहोस् ।

Question Bank Nepal

१०. उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला र धुर्वचन्द्र गौतमका औपन्यासीक योगदानको तुलनामा विश्लेषण गर्नुहोस् ।

## Exam 2069

### समूह "क"

२०

सबै प्रश्नहरू अनिवार्य छन् ।

सर्वोयुक्त उत्तरमा रेजा चिन्ह लगाउनुहोस् ।

१. 'जीवनमा आइपरेको घटनाको स्मृति नै कथा हो' यो भनाइ कसको हो ?

क) ईश्वर बराल | ख) रत्नध्वज जोशी
ग) लक्ष्मीप्रसाद देवकोता | घ) गोविन्द गोठाले

२. लोक कथासँग मिल्ने विशेषता कुन हो ?

क) स्वैरकल्पना | ख) चेतन प्रवाह शैली
ग) प्रचुर कल्पना | घ) अलौकिक प्रेमप्रसङ्ग

३. आवद्धताका आधारमा कथाका चरित्रलाई कुन रूपमा देखाउन सकिन्छ ?

क) अन्तर्मुखी र बाहिर्मुखी | ख) अनुकूल र प्रतिकूल
ग) स्थिर र गतिशील | घ) बद्ध र मुक्त

४. नेपाली कथाको इतिहासमा आधुनिक कालको अधिष्ठापन कहाँबाट भएको हो ?

क) सामाजिक यथार्थवाद | ख) आदर्शोन्मुख यर्थाथवाद
ग) मनोवैज्ञानिक यथार्थवाद | घ) स्वच्छन्दतावाद

५. कथा लेखनमा नवचेतनावाद भन्नाले के बुझिन्छ ?

क) कम पात्रको प्रयोग गर्नु | ख) घटनाप्रधान लेखनमा जोड दिनु
ग) कथानकहीन कथा सिर्जना गर्नु | घ) स्वच्छन्दतावाद

६. 'कुट्न थालेपछि आँखा नदेख्ने, विचरा नभागेर के गरोस्' यो कुन कथाको अंश हो ?

क) परालको आगो | ख) छिमेकी
ग) शत्रु | घ) परिबन्द

७. आयामेली चिन्तन प्रयोग गरिएको कथा कुन हो ?

क) एउटा विचारको यात्रापथ | ख) चुनौती
ग) एकान्त | घ) निद्रा आएन

८. युगीन सन्दर्भ समाकालीन पीडाका अन्तद्रष्टाका रूपमा चिन्न सकिने कथाकार को हुन् ?

क) इस्माली | ख) प्रदीप नेपाल
ग) मनुब्राजाकी | घ) प्रमा शाह

९. जीवन र जगत्को निस्सारतालाई शून्यवादी र अस्तित्ववादी दृष्टिकोण प्रस्तु गर्ने कथाकार को हुन् ?

क) प्रेम शाह | ख) इस्माली
ग) भागीरथी श्रेष्ठ | घ) धुवचन्द्र गौतम

१०. "उपन्यास मानवजीवनकै सम्पूर्णताको अभिव्यक्ति हो ।" यो भनाइ कसको हो ?

क) इन्द्रबहादुर राई | ख) कृष्णचन्द्रसिंह प्रधान
ग) मोहनराज शर्मा | घ) दयाराम श्रेष्ठ

११. प्रयोगवादी धाराको पहिलो उपन्यास कुन हो ?

क) उपसंहार अर्थात् चौथो अन्त्य | ख) बालुवामाथि
ग) शिरीषको फूल | घ) आज रमिता छ

१२. नेपाली उपन्यास परम्परामा आचोचनात्मक यथार्थवादी धाराको आरम्भ कुन उपन्यासबाट भएको हो ?

क) स्वास्नीमन्छे | ख) अङ्गडाको साथी
ग) नरेन्द्र दाइ | घ) एक चिहान

१३. हिन्दु मिथकलाई स्थूल रूपमा पुनर्सिजन गर्ने उपन्यासकार को हुन् ?

क) मदनमणि दीक्षित | ख) पारिजात
ग) धुवचन्द्र गौतम | घ) दैलतविक्रम विष्ट

Question Bank Nepal

१४. असामान्य मनोदशा भएकी नारी पात्र कुन हो ?
क) गौरी
ख) म्याउची
ग) इन्द्रमाया
घ) मिसरी

१५. विश्वेवरप्रसाद कोइलारासँग मिल्ने प्रवृत्ति कुन हो ?
क) किथकीय उपन्यासको प्रारम्भ
ख) मनोवैज्ञानिक उपन्यासको प्रारम्भ
ग) प्रयोगवादी उपन्यासको प्रयोग
घ) सामाजिक उपन्यासको प्रयोग

१६. विधाभञ्जन र विधामिश्रणलाई प्रभावकारी संयोजन गर्ने उपन्यासकार को हुन् ?
क) पारिजात
ख) दौलतविक्रम विष्ट
ग) ध्रुवचन्द्र गौतम
घ) प्रदीप नेपाल

१७. 'भोका र भित्ताहरू' उपन्यास कति परिच्छेदमा संरचित छ ?
क) २१
ख) २२
ग) २३
घ) २४

१८. कथानक स्रोतका दृष्टिले मनोवैज्ञानिक यथार्थ र रागात्मक सौन्दर्य कुन उपन्यासमा पाइन्छ ?
क) शिरीषको फूल
ख) नरेन्द्र दाइ
ग) भोका र भित्ताहरू
घ) उपसंहार अर्थात् चौथो अन्त्य

१९. डायस्पोरिक लेखन के हो ?
क) मनोरञ्जनात्मक
ख) एकान्तिकताको अनुभूति
ग) आर्थिक सङ्कलनप्रतिको चासो
घ) साहित्य लेखनको विषय

२०. 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासमा कस्तो शैली प्रयोग भएको छ ?
क) पत्रात्मक शैली
ख) डायरी लेखन शैली
ग) चेतनप्रवाह शैली
घ) वर्णात्मक शैली

**समूह 'ख'** **10×6=60**

1. अन्य साहित्यिक विधाका सापेक्षतामा कथा विधालाई चिनाउनुहोस् ।

अथवा

कथाका कुनै दुई तत्त्वको परिचय दिनुहोस् ।

2. लोक कथाका मुख्य विशेषताहरू लेख्नुहोस् ।
3. कथाकार मैनालिका कथागत प्रवृत्ति केलाउनुहोस् ।

अथवा

कथाकार पुष्कर शमशेरका कथागत प्रवृत्तिहरू लेख्नुहोस् ।

4. 'मधेसतिर' कथाको शीर्षकको सार्थकता पुष्टि गर्नुहोस् ।

अथवा

'त्यो फेरि फर्कला' कथाको विश्लेषण गर्नुहोस् ।

5. 'निन्द्रा आएन' कथाको बाल पात्र ज्ञानीलाई निन्द्रा नआउनका कारण प्रष्ट पार्नुहोस् ।
6. 'लाहुरी भैँसी' कथाको सामाजिक सन्दर्भ कस्तो छ ? टिप्पणी गर्नुहोस् ।

अथवा

प्रेमा शाह र पोषण पाण्डेका प्रवृत्तिहरूको तुलना गर्नुहोस् ।

7. लैनसिंह बाङ्देलका औपन्यासिक प्रवृत्तिहरू निरूपण गर्नुहोस् ।
8. 'शिरीषको फूल' उपन्यासलाई विसङ्गतिवादी उपन्यासका रूपमा चिनाउनुहोस् ।
9. भाषा शैलीका दृष्टिले 'नरेन्द्र दाइ' उपन्यासको समीक्षा गर्नुहोस् ।
10. उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासका परिप्रेक्ष्यमा उपन्यासकार ध्रुवचन्द्र गौतमको औपन्यासिक प्रवृत्तिको चर्चा गर्नुहोस् ।

**समूह 'ग'** **2×10=20**

11. मनु ब्राजाकी र शैलेन्द्र साकारका कथागत प्रवृत्तिहरूको विस्तृत रूपमा समीक्षा गर्नुहोस् ।

अथवा

आधुनिक नेपाली कथाको विकास प्रक्रियाको रेखाङ्कन गर्नुहोस् ।

12. "भोक र भित्ताहरू" उपन्यासको मुल कथ्यलाई प्रष्ट्याउनुहोस् ।

Question Bank Nepal

**Exam. 2070**

Time: 3 hrs. Full Marks: 100

**समूह "क"** **[20]**

सबै प्रश्नहरू अनिवार्य छन् । सर्वोपयुक्त उत्तरमा (√) चिह्न लगाउनुहोस् ।

१. 'कथा एक बसाइमा सजिलै पढिसकिने विधा हो' यस भनाइले कथाको कुन विशेषतामा जोड दिएको छ ?
   (क) आयाम (ख) प्रकार
   (ग) शैली (घ) प्रस्तुति

२. नेपाली आख्यानको प्रारूप कुन कृतिमा भेटिन्छ ?
   (क) हितोपदेश मित्रलाभ (ख) मुद्राराक्षस
   (ग) महाभारत विराटपर्व (घ) दशकुमारचरितम्

३. नेपालीकथाको आधुनिक काल कुन पत्रिकाबाट प्रारम्भ भएको मानिन्छ ?
   (क) गोरखापत्र (ख) शारदा
   (ग) साहित्यस्रोत (घ) युगवाणी

४. 'शत्रु' कथाका कृष्ण रायको कमजोरी के हो ?
   (क) गाउँलेका दुःखमा साथ दिनु
   (ख) झगडैयाहरूका बीचमा सहजकर्ता बन्नु
   (ग) भतिजोलाई धर्मपुत्रका रूपमा पाल्नु
   (घ) आफूलाई अजात शत्रु ठान्नु ।

५. 'एकान्त' कथामा कुन विषयको चित्रणमा जोड दिएको छ ?
   (क) मानवीय सम्वेदना (ख) आर्थिक दुरावस्ता
   (ग) शैक्षिक विकृति (घ) सामाजिक आडम्बर

६. 'चुनौती' कथामा समस्या समाधानका लागि अँगालिएको प्रक्रिया कुन हो ?
   (क) क्रान्तिर विद्रोदय (ख) त्याग र धैर्य
   (ग) सङ्घर्ष र दृढता (घ) स्वावलम्बन र आत्मनिर्भरता

७. शिक्षित व्यक्तिप्रति 'सहिद' का वीरबहादुरको कस्तो धारणा छ ?
   (क) दयामाया बिर्सिएका (ख) अत्याचारको विरोधी
   (ग) वैयक्तिक स्वार्थकेन्द्रित (घ) विपन्न व्यक्तिका सहयोगी

८. चुनावी विकृतिप्रति वितृष्णा प्रकट गरिएको कथा कुन हो ?
   (क) माछोमाछो भ्यागुतो (ख) परिबन्द
   (ग) थैले खत्रीको इतिहास (घ) सिटी हलको बुढो ज्यामी

९. उपन्यास र कथाको मुख्य भिन्नता के मा पाइन्छ ?
   (क) परिवेश (ख) प्रभाव
   (ग) दृष्टिबिन्दु (घ) भाषा

१०. आख्यान प्रयोगको शिथिलता कुन किसिमका उपन्यासमा पाइन्छ ?
   (क) सामाजिक (ख) ऐतिहासिक
   (ग) आञ्चलिक (घ) मनोवैज्ञानिक

११. 'मुलुकबाहिर' उपन्यासकी मसिनीको कमजोरी के लाई मान्न सकिन्छ ?
   (क) कान्छा राईसँग एकान्तमा कुरा गर्नु
   (ख) राईंग सल्केको आरोप लाग्दा रून थाल्नु
   (ग) कान्छा राईसँगको कुराको ठट्टाका रूपमा लिनु
   (घ) लोग्नेलाई घटनाको विवरण समयमै भन्न नसकनु

१२. नेपाली उपन्यासमा मनोविश्लेषणात्मक प्रवृतिको थालनी कुन उपन्यासबाट भएको मानिन्छ ?
   (क) पल्लो घरको झ्याल (ख) तिन घुम्ती
   (ग) अनुराधा (घ) सर्पदंश

१३. 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको कथानकमा कुन घटनाबाट द्वन्द्वमय वातावरण सिर्जना भएको मानिन्छ ?

Question Bank Nepal

(क) रवि र लक्ष्मी एउटै कोठामा बस्न थालेका प्रसङ्बाटल
(ख) रविको अन्तर्मुखी स्वभार र इमान्दारीताबाट
(ग) लक्ष्मीको बहिर्मुखी प्रवृत्ति र धुर्तताबाट
(घ) रविप्रति देखाइएको सद्भाव र सहिष्णुताबाट

१४. नेपाली उपन्यासमा अउपन्यासका प्रथम प्रयोक्त को हुन् ?
(क) धनुषचन्द्र गौतम (ख) ध्रुवचन्द्र गौतम
(ग) लीलबहादुर क्षेत्री (घ) मञ्जुल

१५. 'एक दिन झर्ने छ भने किन अरूबाट चुसिएर मर्ने, सकम्बरीको प्रस्तुत भनाइमा कस्तो दृष्टिकोण प्रकट भएको छ ?
(क) सकारात्मक (ख) नकारात्मक
(ग) सङ्घर्षशील (घ) निश्चयात्मक

१६. 'नरेन्द्र दाइ' उपन्यासका नायकको 'अहम्' मा चोट पुऱ्याउने महत्त्वपूर्ण घटना कुन हो ?
(क) गौरीको अवयस्कताप्रतिको असन्तुष्टि
(ख) पारिवारिक जमघटमा गौरीको उपस्थिति
(ग) बाबु आमासँगको अन्तर्द्वद्व
(घ) मुनरियालाई लगाइएको वेश्याको आरोप

१७. डायस्पोरिक उपन्यासमा नपाइने प्रवृत्ति कुन हुन सक्छ ?
(क) मुलुकप्रतिको विकर्षण (ख) परिचयहीनताको चिन्ता
(ग) मानवीय प्रतिस्थापनको अवस्था (घ) संस्कृति भञ्जनको पीडा

१८. 'भोक र भित्ताहरू' को अर्के जेल जानाको मुख्य कारण के हो ?
(क) जगतेको हत्या (ख) सिमेन्टको चोरी
(ग) ऋण तिर्न नसक्नु (घ) अपराध बोधको भावना

१९. 'मुलुकबाहिर' उपन्यासमा देखिएको नवीनता के हो ?
(क) बहुलेखक (ख) बहुसँस्कृति
(ग) बहुनायक (घ) बहुदृष्टिबिन्दु

२०. 'यमपुरीको महल' उपन्यासकी हीराले प्रमेलाई आफ्नो घरमा किन आश्रय दिएकी हो ?
(क) घरायसी कामा लगाउन (ख) मानवीय सम्वेदना वृद्धि गर्न
(ग) योनिक स्वार्थ पूरा गर्न (घ) मानवीय भावना प्रकट गर्न

सबै प्रश्नहरू अनिवार्य छन् ।

## समूह "क" [8×7=56]

१. कथा र उपन्यासका समता र भिन्नताको सूची बनाउनुहोस् ।

अथवा

समकालीन नेपाली कथाका प्रवृत्तिहरूको सूची बनाउनुहोस् ।

२. 'परिबन्द' कथामा प्रस्तुत न्यायव्यवस्थाप्रति आफू असहमत भएको जनाउने उपयुक्त आधारहरू प्रस्तुत गर्नुहोस् ।

३. 'थैले खत्रीको इतिहास' कथाका आधारमा थैलेखत्री र ख्याउटे कार्कीका चरित्रको तुलना गर्नुहोस् ।

४. सप्रसङ्ग व्याख्या गर्नुहोस्:
जीवन तर त्यसै बाँधिन्छ यसमा आदर्श र सिद्धान्तहरूले अर्थ हाल्नु पर्दैन ।

अथवा

मलाई ओषधि चाहिन्नँ म एकै बार मर्न चाहन्छु, मर्ने स्वतन्त्रता देऊ ।

५. उपन्यासको सैद्धान्तिक स्वरूप स्पष्ट पार्नुहोस् ।
६. लैनसिंह वाङ्देलका औपन्यासिक प्रवत्तिको चर्चा गर्नुहोस् ।
७. सुयोगवीरका चारिचित्र विशेषता केलाउनुहोस् ।
८. 'भोक र भित्ताहरू' उपन्यासको शीर्षक सार्थकता ओल्याउनुहोस् ।

Question Bank Nepal

अथवा

अस्तित्ववादी चिन्तनका दृष्टिले 'नरेन्द्र दाइ' उपन्यासको चर्चा गर्नुहोस्।

समूह "ग" [2×12=24]

९. कथाकार भवानी भिक्षु र गोविन्दबहादुर गोठालेका कथागत प्रवृत्तिको तुलनात्मक समीक्षा गर्नुहोस्।

१०. नेपाली उपन्यास परम्परामा 'उपसँहार अर्थात् चौथो अन्त्य' उपन्यासले स्थापित गरेका नवीवन प्रवृत्ति र शिल्पगत प्रयोगको चर्चा गर्नुहोस्।

अथवा

'यमपुरीको महल' उपन्यासको सामाजिक परिवेशको चित्र प्रस्तुत गर्नुहोस्।

## Exam. 2071

**समय: ३ घण्टा** **पूर्णाङ्क : १००**

**सबै प्रश्नहरू अनिवार्य छन्।**

**समूह "ख"** **8×7=56**

१. कथा र उपन्यासलाई छुट्याउने प्रमुख तत्वहरू उल्लेख गर्नुहोस्।

अथवा

नेपाली कथाको परवर्ती प्रयोग र प्रवृत्तिबारे सङ्क्षिप्त चर्चा गर्नुहोस्।

२. पाठ्यकथाका आधारमा कथाकार गुरुप्रसाद मैनालीका प्रमुख प्रवृत्तिमाथि प्रकाश पार्नुहोस्।

३. 'लाहुरी भैंसी' कथाको मुख्य भावभूमि उल्लेख गर्नुहोस्।

४. आयामिक कोणबाट 'एउटा बिचारको यात्रापथ' कथाको समीक्षा गर्नुहोस्।

अथवा

'थैले खत्रीको इतिहास' कथामा प्रयोग भएको भाषाशैलीको चर्चा गर्नुहोस्।

५. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
"खाएको बिख पो लाग्छ हजूर, नखाएको बिख त लाग्न नपर्ने हजूर।"

६. डायस्पोरिक उपन्यासका रूपमा 'यमपुरीको महल' को चर्चा गर्नुहोस्।

अथवा

'नरेन्द्र दाइ' उपन्यासको केन्द्रीय कथ्य स्पष्ट पार्नुहोस्।

७. 'ग्याँस च्याम्बरको मृत्यु' कथाको सारवस्तु औंल्याउनुहोस्।

८. 'शिरीषको फूल' उपन्यासले आधुनिक नेपाली उपन्यासमा ल्याएको मोडबारे चर्चा गर्नुहोस्।

समूह "ग" 2×12=24

९. औपन्यासिक संरचनाका दृष्टिले 'भोक र भित्ताहरू' उपन्यासको विश्लेषण गर्नुहोस्।

अथवा

उपन्यासकार ध्रुवचन्द्र गौतमका औपन्यासिक प्रवृत्तिहरूको निरूपण गर्नुहोस्।

१०. 'मुलुकबाहिर' उपन्यासका आधारमा लैनसिंह वाङ्देलको योगदानको समीक्षा गर्नुहोस्।

समूह "क" २०

सबै प्रश्नहरू अनिवार्य छन्। सर्वोपयुक्त उत्तरमा रेजा (√) चिह्न लगाउनुहोस्।

१. कथा के हो ?
(क) घटनाहरूको प्रस्तुति (ख) चरित्रहरूको प्रस्तुति
(ग) सत्यको उद्घाटन (घ) आख्यानात्मक साहित्यिक प्रस्तुति

२. लोक कथामा कुन कुरालाई विशेष जोड दिइन्छ ?
(क) प्रचुर कल्पना (ख) यथार्थको उद्घाटन
(ग) कल्पनाभित्र उपदेश (घ) सत्यप्रति आकर्षण

३. पहिलो आधुनिक यथार्थवादी कथाकार को हुन् ?
(क) पारिजात (ख) रमेश विकल
(ग) गुरुप्रसाद मैनाली (घ) वि.पि. कोइराला

४. माध्यमिककालीन नेपाली कथा साहित्यको विकासमा सहयोग पुऱ्याउने पत्रिका कुन हो ?
(क) सुन्दरी (ख) जन्मभूमि (ग) गोरखापत्र (घ) माधवी

Question Bank Nepal

५. आधुनिक नेपाली कथामा ननोवैज्ञानिक यथार्थवादको प्रारम्भ कुन कथाकृतिबाट भएको मानिन्छ ?
(क) नासो (ख) दोषीचस्मा (ग) चन्द्रवदन (घ) मैयाँसाहेब

६. घरकी नोकर्नी भएर पनि आफूलाई मालिकनीसरह ठान्ने सावित्री कुन कथाकी पात्र हो ?
(क) सिँगारी बाखा (ख) लाहुरी भैंसी
(ग) सावित्रीको बाखो (घ) एकान्त

७. डायरी शैली प्रयोग गरिएको कथा कुन हो ?
(क) थैले खत्रीको इतिहास (ख) सावित्रीको बाखो
(ग) सहिद (घ) पहेँलो गुलाफ

८. आयामेली चिन्तन प्रयोग भएको कथा कुन हो ?
(क) एकान्त (ख) लाहुरी भैंसी
(ग) चुनौती (घ) एउटा विचारको यात्रापथ

९. 'निद्रा आएर' कथामा प्रयुक्त समाज कस्तो छ ?
(क) अन्धविश्वासी (ख) आधुनिक
(ग) काँठे (घ) ग्रामीण

१०. पुरूष पात्रका मनको अतृप्त यौनेच्छालाई कुन कथामा चित्रण गरिएको छ ?
(क) पहेँलो गुलाफ (ख) माछोमाछो भ्यागुतो
(ग) ग्याँसच्याम्बरको मृत्यु (घ) परिबन्द

११. 'थैले खत्रीको इतिहास' कथाको थैले खत्री कस्तो पात्र हो ?
(क) सज्जन (ख) अत्याचारी (ग) वीर र साहसी (घ) अन्यायी

१२. मानवताको विजय सुनिश्चित हुने सन्देश प्रवाहित गरिएको कथा कुन हो ?
(क) चुनौती (ख) परिबन्द (ग) सहिद (घ) ग्याँसच्याम्बरको मृत्यु

१३. नेपाली उपन्यासको प्रारम्भविन्दु कुन कृतिलाई मानिन्छ ?
(क) भ्रमर (ख) रूपमती (ग) महाभारत विराटपर्व (घ) सुमती

१४. 'भ्रमर' उपन्यासले कुन आवधाराको प्रतिनिधित्व गर्दछ ?
(क) मनोवैज्ञानिक (ख) यथार्थवादी
(ग) स्वच्छन्दतावादी (घ) प्रयोगवादी

१५. पहिलो सामाजिक यथार्थवादी उपन्यास कुन कृतिलाई मानिन्छ ?
(क) मुलुकबाहिर (ख) रूपमती
(ग) नरेन्द्रदाइ (घ) शिरीषको फूल

१६. उपन्यासमा मिथकीय धाराकोको आमन्त्रण गर्ने व्यक्ति को हुन् ?
(क) विश्वेश्वरप्रसाद कोइराला (ख) मदनमणि दीक्षित
(ग) दौलतविक्रम विष्ट (घ) ध्रुवचन्द्र गौतम

१७. पारिजातसँग मिल्ने औपन्यासिक प्रवृत्ति कुन हो ?
(क) प्रगतिवादी चेतना (ख) अस्तित्ववादी/विसङ्गतिवादी चेतना
(ग) मिथकीय प्रयोग (घ) स्वैरकल्पनाको प्रयोग

१८. हिन्दू मिथकलाई नेपाली उपन्यासमा पुनर्लेखन गर्ने व्यक्ति को हुन् ?
(क) लीलबहादुर क्षेत्री (ख) निवेदप्रसाद धिताल
(ग) मदनमणि दीक्षित (घ) विजय मल्ल

१९. विधाभञ्जन र विधा मिश्रणलाई प्रभावकारी संयोजन गर्ने उपन्यासकार को हुन् ?
(क) पारिजात (ख) ध्रुवचन्द्र गौतम
(ग) दौलतविक्रम विष्ट (घ) विश्वेश्वरप्रसाद कोइराला

२०. डायस्पोरिक लेखनको मुख्य प्रवृत्ति कुन हो ?
(क) पलायनवादी चिन्तन (ख) माटोप्रतिको स्मरण
(ग) विदेशी भूमिको आकर्षण (घ) धनको लालचा

Question Bank Nepal

Exam. 2072

समय: ३ घण्टा | पूर्णाङ्क : १००

सबै प्रश्नहरू अनिवार्य छन् ।

समूह 'ख' ८×७=५६

१. कथाको वर्गीकरणका प्रमुख आधारहरू प्रस्तुत गर्नुहोस् ।

अथवा

'कथालाई तन्काएर उपन्यास र उपन्यासलाई छोट्याएर कथा हुँदैन' यस भनाईलाई पुष्टि गर्नुहोस् ।

२. 'शत्रु' कथामा प्रयुक्त मनोविज्ञानको चर्चा गर्नुहोस् ।

३. 'परिबन्द' कथाको शीर्षक सार्थकता पुष्टि गर्नुहोस् ।

अथवा

आयामेली कथाकारका रूपमा इन्द्रबहादुर राईका प्रवृत्तिहरू उल्लेख गर्नुहोस् ।

४. 'ग्यास च्याम्बरको मृत्यु' कथाको मूल सन्देश बताउनुहोस् ।

५. सप्रसङ्ग व्याख्या गर्नुहोस् ।

"भनिदेऊ कि जुन बलिया हातहरूले यतिका भवनहरू बनायौ त्यति बलिया हातहरूले यिनीहरूलाई उठाएर भाँचिदिन पनि सक्छौ ।"

६. 'नरेन्द्र दाइ' उपन्यासको नरेन्द्र दाइको चरित्र चित्रण गर्नुहोस् ।

अथवा

डायस्पोरिक उपन्यासका रूपमा 'यमपुरीको महल' उपन्यासलाई चिनाउनुहोस् ।

' उपन्यासलाई चिनाउनुहोस् ।

७. 'भोक र भित्ताहरू' उपन्यासमा के कस्ता सामाजिक विकृति र विसङ्गतिलाई चित्रण गरिएको छ ।

८. 'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासमा प्रयुक्त शैलीका बारेमा चर्चा गर्नुहोस् ।

||||||||||||समूह 'ग' २×१२=२४

९. 'मुलुकबाहिर' उपन्यासका आधारमा लैनसिंह बाङ्देलका औपन्यासिक प्रवृत्तिहरू प्रस्तुत गर्नुहोस् ।

अथवा

नेपाली उपन्यासको विकासक्रममा ध्रुवचन्द्र गौतमको योगदानको मूल्याङ्कन गर्नुहोस् ।

१०. आधुनिक नेपाली कथाका प्रमुख धारा तथा तिनका प्रवृत्तिहरूको चर्चा गर्नुहोस् ।

||||||||||||समूह 'क' २०

सबै प्रश्नहरू अनिवार्य छन् । सर्वोपयुक्त उत्तरमा रेजा (√) चिह्न लगाउनुहोस् ।

१. 'कथालाई एक किसिमका घोडा दौड' का रूपमा परिभाषित गर्ने व्यक्ति को हुन्?
   क. एडगर एलेन पो   ख. एच.जि.वेल्स
   ग. अन्तो चेखब   घ. इ.एम. फोस्टर

२. कथाका पात्रहरूलाई स्वभावका आधारमा कसरी वर्गीकरण गर्न सकिन्छ ?
   क. गतिशील र गतिहीन   ख. अनुकूल र प्रतिकूल
   ग. बद्ध र मुक्त   घ. वर्गीय र व्यक्तिगत

३. 'तेस्रो आयाम' कुन धाराअन्तर्गत को लेखन हो ?
   क. यथार्थवादी   ख. प्रगतिवादी
   ग. प्रयोगवादी   घ. उत्तरआधुनिकवादी

४. कथाकार पुष्कर शमशेरको प्रमुख प्रवत्ति कुन हो ?
   क. मनोवैज्ञानिकता   ख. तार्किकता
   ग. बौद्धिकता   घ. क्लिष्टता

५. प्रगतिवादी धारको सुरुवात गर्ने कथाकार को हुन् ?
   क. रमेश विकल   ख. पारिजात   ग. इन्द्रबहादुर राई   घ. मदनमणि दीक्षित

६. कुटिल मनोवृत्ति भएको पात्र कुन हो ?

Question Bank Nepal

क. कृष्ण राय　　ख. द्वारे बा　　ग. देवता बाबु　　घ. बिरे

७. संवादको प्रयोग कम भएको कथा कुन हो ?

क. सहिद　　ख. शत्रु　　ग. निद्रा आएन　　घ. लाहुरी भैंसी

८. भवानी भिक्षुका कथामा पाइने शैलीगत प्रवृत्ति कुन हो ?

क. सोझो. गरी भन्न नसक्नु　　ख. सोझो गरी भन्न सक्नु

ग.छोटा वाक्यको प्रयोग　　घ. सल र सम्प्रेष्य भाषाशैलीको प्रयोग

९. प्रथम प्रकाशित नेपाली कथासङ्ग्रह कुन हो ?

क. नासो　　ख. दोषी चस्मा　　ग. कथैकथा　　घ. कथाकुसुम

१०. 'पहेँलो गुलाफ' कथामा प्रयुक्त 'भुसिलकिरा' को प्रतीकात्मक अर्थ के हो ?

क. पुरुष　　ख. नारी　　ग. स्वस्थ　　घ. अस्वस्थ

११. 'ग्यास च्याम्बरको मृत्यु' कथाको मूल सन्देश के हो ?

क. विश्वमानवता　　ख. मानवीय सहिष्णुता

ग. आर्दश प्रसभाव　　घ. मानवीय स्वतन्त्रता

१२. 'फुलचन' कुन कथाको पात्र हो ?

क. माछो माछो भ्यागुतो　　ख. सिटी हलको बुढो ज्यामी

ग. थैले खत्रीको इतिहास　　घ. एकान्त

१३. 'उपन्यास भनेको सुखान्त गद्य महाकाव्य हो' यो कसको भनाइ हो ?

क. फिलिङ्ग　　ख. हेनरी जेम्स　　ग. राल्फ फक्स　　घ. इ.एम.फोस्टर्स

१४. उपन्यासलाई महाकाव्यबाट अलग तुल्याउने तत्व कुन हो ?

क. कथानक　　ख. चरित्र　　ग. गद्यात्मक प्रस्तुति　　घ. स्वरूप

१५. आधुनिक नेपाली उपन्यासका थिकीय धाराको प्रारम्भ कुन उपन्यासबाट भएको हो ?

क. डापी　　ख. सुम्निमा

ग. माधवी　　घ. ज्योति ज्योति महाज्योति

१६. 'शिरीषको फूल' कस्तो प्रवृत्तिको उपन्यास हो ?

क. विसङ्गतिका बिचबाट अस्तित्वको खोजी

ख. शून्यताचको अभिव्यक्ति

ग. जीवनको निस्सारताको अभिव्यक्ति

घ. पलायनवादी चिन्तनको अभिव्यक्ति

१७. ध्रुवचन्द्र गौतमको प्रमुख औपन्यासिक प्रवृत्ति के हो ?

क. सामाजिक यथार्थको चित्रण　　ख. विधाभञ्जन र विधामिश्रण

ग. आञ्चलिकता　　घ. असामान्य मनोदशाको चित्रण

१८. 'नरेन्द्र दाइ' उपन्यासमा प्रतिकूलबाट अनुकूल बनेको पात्र कुन हो ?

क.नरेन्द्र दाइ　　ख. मुनरिया　　ग. कप्तान बा　　घ. कप्तान्नी आमा

१९. 'संसारमा जोर्नेभन्दा फोर्ने धेरै हुँदारहेछन् .... संसारमा अर्काले गरी खाएको कसैले हेरिसक्दो रहेनछ' यो कसको भनाइ हो ?

क. रनबहादुर　　ख. दलबहादुर　　ग. मसिनी　　घ. रूपा

२०. स्वप्नलोकको बिचरण तथा जन्मभूमिको स्मरण गरी रचना गरिएको उपन्यास कुन हो ?

क. मुलुक बाहिर　　ख. भोक र भित्ताहरू

ग. यमपुरीको महल　　घ. शिरीषको फूल

## (b) नेपाली कविता काव्य (नेपा.शि. ३२२)

**Exam. 2067**

समयः ३ घन्टा　　पूर्णाङ्कः १००

**समूह "क" २०**

सबै प्रश्नहरु अनिवार्य छन् । सर्वोपयुक्त उत्तरमा रेजा (√) चिन्ह लगाउनुहोस् ।

१. कविताको भाषा शैली कस्तो हुन्छ ?

(क) अभिधात्मक र लाक्षणिक (ख) लाक्षणिक र रागात्मक

Question Bank Nepal

(ग) लाक्षणिक र व्यञ्जनात्मक (घ) रागात्मक र सौन्दर्यपूर्ण

२. रामभक्ति धाराका केन्द्रीय प्रतिभा को हुन् ?
(क) रघुनाथ पोखरेल (ख) बसन्त शर्मा
(ग) भानभक्त आचार्य (घ) यदुनाथ पोखरेल

३. मोतीराम भट्टलाई युगपुरुष बनाउने प्रवृत्ति कुन हो ?
(क) मोतीमण्डली (ख) स्वतन्त्र सौन्दर्य चेतना
(ग) मुद्रण-प्रकाशनको आरम्भ (घ) अनुवाद रुपान्तरणको प्रयास

४. नेपाली कविताको परिष्कारवादी धाराको प्रमुख विशेषता के हो ?
(क) आत्मपरकता (ख) वस्तुपरकता
(ग) भावपरकता (घ) सरलता

५. नेपाली कविताको समसामयिक धाराको प्रमुख विशेषता के हो ?
(क) चित्रकलाको भाषिक अभिव्यक्ति
(ख) अमूर्त लेखन
(ग) राजनैतिक चेतनाको प्रभाव
(घ) प्रयोगवादी सम्प्रेषणको सङ्कटबाट मुक्ति

६. प्रयोगवादी नेपाली कविताको प्रमुख विशेषता कुन हो ?
(क) बौद्धिक, अमूर्त र प्रतीकात्मक लेखन
(ख) राजनैतिक जागरण
(ग) आत्मपरक-वैयक्तिक लेखन
(घ) सहज-स्वच्छन्द अभिव्यक्ति

७. समस्यापूर्तिका परम्परा सुरु गर्ने कवि को हुन् ?
(क) शम्भुप्रसाद (ख) मोतीराम
(ग) लेखनाथ (घ) यदुनाथ

८. 'शान्ति छ केबल एकथरीले हतियार साँध लगाउन्जेल' भन्ने पङ्क्ति कुन कविताबाट उद्घृत गरिएको हो ?
(क) असार (ख) उद्बोधन
(ग) स्वर्ग र देवता (घ) फर्सीको जरा

९. दार्शनिक बिचार अभिव्यक्त भएको कविता कुन हो ?
(क) स्वदेशको गौरव (ख) सान्त्वता
(ग) गौंथलीको चिरीबिरी (घ) उद्बोधन

१०. 'मेरो प्रतिबिम्ब' कवितामा मानवको कस्तो प्रतिबिम्ब खिचिएको छ ?
(क) वीरतामय (ख) अस्मिता शुन्य
(ग) स्वाधीनतायुक्त (घ) उत्सर्गहीन

११. 'कालीगण्डकी' कविताको मूल सन्देश के हो ?
(क) स्वच्छन्दतावादी भावको अभिव्यक्ति
(ख) प्रकृतिको अलौकिक र असाधारण वर्णन
(ग) प्रकृतिको मानवीकरण
(घ) उत्कृष्ट व्यञ्जन सामर्थ्य

१२. नेपाली कविताको प्रयोगवादी धारा र समसामयिक धाराको सन्धि कालका कवि को हुन् ?
(क) हरिभक्त कटुवाल (ख) भूपि शेरचन
(ग) बानिरा गिरी (घ) अगमसिंह गिरी

१३. 'जिउँ शानसँग' शीर्षकको गजल कति सेरमा संरचित छ ?
(क) चार (ख) पाँच (ग) छ (घ) सात

१४. 'महाकाव्यको एकदेशीय रुप नै खण्डकांव्य हो' भन्ने विद्वान को हुन् ?
(क) सोमनाथ (ख) विश्वनाथ (ग) भामह (घ) दण्डी

१५. मोहन कोइरालाको पहिलो प्रकाशित लामो कविता कुन हो ?
(क) लेक (ख) सूर्यदान

Question Bank Nepal

(ग) नुन शिखरहरु (घ) पलङ नं.२१

१६. छ ऋतुहरुमध्ये शरद बिचारलाई विशेष महत्व किन दिइन्छ ?
(क) नेपाली चाडपर्वको वर्णन भएकाले (ख) प्रकृतिको विशद् चित्रण गरिएकाले
(ग) उपमाको समुचित प्रयोग भएकाले (घ) दार्शनिकताको व्यापक प्रयोग भएकाले

१७. 'सिमसारका राजदूत' लामो कवितासँग सम्बन्धित प्रमुख विशेषता कुन हो ?
(क) पात्रविधानमा नवीनता (ख) स्वतन्त्र आख्यानको प्रयोग
(ग) सुगठित संरचना (घ) अन्तरपात्रीयताको प्रविधि

१८. आख्यान विकल्पी उत्कृष्ट खण्डकाव्य कुन हो ?
(क) मुनामदन (ख) ऋतुबिचार
(ग) कुञ्जिनी (घ) राजेश्वरी

१९. सुलोचना महाकाव्यको मुख्य विशेषता कुन हो ?
(क) सफल सामाजिक महाकाव्य
(ख) पद्यात्मक उपन्यास र पद्यनाटक
(ग) कम औपन्यासिकता र ज्यादा महाकाव्यकारिता
(घ) पहिलो प्रकाशित प्रयोगधर्मी महाकाव्य

२०. 'मानव' महाकाव्य पहिलो पटक कति सालमा प्रकाशित भएको हो ?
(क) २०२० (ख) २०२३ (ग) २०२४ (घ) २०२५

सबै प्रश्नहरु अनिवार्य छन् ।

**समूह "ख" 8x7=56**

१. माध्यमिककालीन नेपाली कविताका प्रमुख विशेषताहरु औंल्याउनुहोस् ।

२. आधुनिक नेपाली कविताको परिष्कारवादी धाराका विशेषताहरुको सूची तयार पार्नुहोस् ।

अथवा

'गौंथलीको चिरीविरीं कविताले मान्छेलाई के-कस्तो शिक्षा दिन खोजेको छ ? स्पष्ट पार्नुहोस् ।

३. कवि भूपि शेरचनले नेपाली कविताका सन्दर्भमा दिएको योगदानको मूल्याङ्कन गर्नुहोस् ।

४. पाठ्य कविताका आधारमा कालीप्रसाद रिजालका प्रवृत्तिहरुको उल्लेख गर्नुहोस् ।

अथवा

'फर्सीको जरा' कविताको समष्टिगत प्रभाव के हो ? खुलस्त गर्नुहोस् ।

५. कवि विजय मल्लले 'छोरीलाई मानोत्रेच पढाउँदा' कवितामार्फत के सन्देश दिएका छन् । प्रष्ट पार्नुहोस् ।

६. खण्डकाव्यको रुपलाई सोदाहरण चिनाउनुहोस् ।

अथवा

'मानव' महाकाव्यमा अभिव्यक्त वैचारिक पक्षको समीक्षा गर्नुहोस् ।

७. सप्रङ्ग व्याख्या गर्नुहोस्:
गङ्गाको धमिलिन्छ धार शिरको सिन्दूर धोऊँ भने
धर्ती बन्दछ अन्धकारमय यो चुल्हो म फोऊँ भने ।

८. कवि गोपालप्रसाद रिमाल र हरिभक्त कटुवालका प्रवृत्तिहरुको तुलना गर्नुहोस् ।

**समूह "ग" 2x12=24**

९. एक प्रयोगधर्मी महाकाव्यका रुपमा 'सुलोचना' महाकाव्यको समीक्षा गर्नुहोस् ।

अथवा

खण्डकाव्य तत्वका आधारमा 'राजेश्वरी' खण्डकाव्यको विश्लेषण गर्नुहोस् ।

१०. नेपाली कविता परम्परामा 'सिमसारका राजदूत' लामो कविताले भित्र्याएका नवीन प्रवृत्तिहरुको समीक्षा गर्नुहोस् ।

Question Bank Nepal

# EXAM 2068

**समूह 'क'** **[20]**

१. नेपाली कविताको कृष्ण भक्ति धाराका सर्वोत्कृष्ट कवि को हुन् ?
क) इन्दिरस ख) वसन्त शर्मा
ग) विद्याख्याकेशरी घ) भानुभक्त आचार्य

२. किन चाहियो ? कवितामा कुन प्रवृत्ति प्रवल छ ?
क) श्रृङगारिक ख) धार्मिक
ग) औपदेशिक घ) नैतिक

३. कवि विजय मल्ल छोरीलाई मानचित्र पढाउँला कवितामा के सन्देश दिन चाहन्छन् ?
क) निराशावादी ख) ससम्वयवादी
ग) आशावादी घ) निरर्थकवादी

४. फर्सीको जरा कविताले जीवनलाई कुन रूपमा लिएको छ ?
क) निरर्थक ख) मृतयोन्मुखी
ग) युद्धोन्मुखी घ) संघर्षशील

५. नीतिका कुरा कवितामा कसलाई ज्यादै मरेको भनिएको छ ?
क) इन्द्रियविजयीलाई ख) निरुद्यमीलाई
ग) अस्मिताहीन घ) विवेकशील

६. मेरो प्रतिबिम्ब कवितामा मानवको कस्तो प्रतिविम्ब उतारिएको छ ?
क) उत्साहविहीन ख) स्वाधीनतायुक्त
ग) अस्मिताहीन घ) शक्तिको स्रोत

७. सान्त्वना कवितामा नारीलाई के को स्रोत मानिएको छ ?
क) प्रेरणाको स्रात ख) ममताको स्रोत
ग) सृजनाको स्रोत घ) शक्तिको स्रोत

८. कवि हरिभक्त कटुवालले अपेक्षा गरेको रहर के हो ?
क) पाठशाला बनाउने ख) बाटो बनाउँदै हिंड्नु
ग) बनाइदिएको बाटोमा हिड्ने घ) इतिहासका कुरा पढ्ने

९. स्वदेशको गौरव कविताले देशको गौरव बढाउन के अपेक्षा गरेको छ ?
क) आर्थिक र सामाजिक ख) मानवीय संशाधनको परिचालन
ग) राजनैनिक र शैक्षिक संयमितता घ) विज्ञान र प्रविधिको आविष्कार

१०. अपमान सहनु भन्दा मर्नु जाति यस्तो अभिव्यक्ति कुन कवितांशमा प्रकट भएको छ ?
क) छाडी जादै छु म शहर ख) जिउँ शासनसँग
ग) उपजाति र वंशस्थ घ) प्रजालाल्सल्य

११. ऋतुविचार खण्डकाव्यवमा प्रयोग गरिएका छन्द कुन कुन हुन् ?
क) अनुष्टुप र मालिनी ख) अनुष्टुप र उपजाति
ग) उपजाति र वंशस्थ घ) मालिनी र शिखरिणी

१२. राजेश्वरीकी नायिकालाई मूलत: केको प्रतीक मान्न सकिन्छ ?
क) प्रतिपरायण ख) जिजीविष
ग) सहनशील घ) प्रजावाल्सल्य

१३. आधुनिक नेपाली कविताको प्रयोगवादी धारामा सर्वप्रथम लेखिएका लामो कविता कुन हो ?
क) सूर्यदान ख) नदी किनाराका माझी
ग) कान्छी सहर जान्छे घ) लेक

१४. कुञ्जिनी खण्डकाव्याको केन्द्रीय भावभूमि के हो ?
क) राष्ट्र र राष्ट्रियताको बखान ख) वीरता र साससको वर्णन
ग) रहस्यमयी वस्तु घ) हार्दिक प्रेमप्रतिको लगाव

१५. सिंसरको राजदूत काव्यमा प्रकृतिलाई कुन रूपमा लिइएको छ ?
क) पर्यावरणीय मैत्रीख) आनन्ददायी स्थान
ग) रहस्यमयी वस्तु घ) हार्दिक प्रेमप्रतिको लगाव

Question Bank Nepal

१६. सुचोचना महाकाव्यले जीवनका बारेमा कस्तो दृष्टिकोण राखेको छ ?
क) यो संसार र मान्छेको शरीर दुवै असत्य छन्
ख) खँदिलो मुलल्ले शरीर नै सत्य हो
ग) तन र मनको एकता नै शरीर हो
घ) शरीर असत्य भए पनि आत्मा सत्य हो

१७. खण्डकाव्य र महाकाव्य दुवैलाई चिनाउने विशेषता कुन हो ?
क) प्रबन्धविधान
ख) पुरुषार्थ चतुष्ट्य
ग) विविध रसको प्रस्तुति
घ) पञ्चसन्धिको पालना

१८. पूर्वीय मान्यताअनुसार महाकाव्यमा कम्तीमा कतिवटा सर्ग हुनुपर्छ ?
क) सात ख) आठ ग) पन्ध्र घ) बाइस

१९. नेपालीमा लेखिएको पहिलो महाकाव्यत्मक रचना कुन हो ?
क) भानुभक्तको रामायण
ख) देवकोटाको शाकुन्तल
ग) सोमनाथको आदर्शराधव
घ) देवीदत्तको कवितागुच्छाहार

२०. मावन महाकाव्यको नायकको कमजोरी के हो ?
क) शान्ति र अहिंसाप्रति आकर्षित हुनु
ख) कविका विचारको बाहक हुनु
ग) राष्ट्र र राष्ट्रियताप्रति चासो राख्नु
घ) निम्नवर्गीय व्यक्तिलाई संगठिटत गर्न नसक्नु

## समूह 'ख' [8×7=56]

१. प्राथमिककालीन नेपाली कविताको भक्तिधाराको मूल प्रवृत्तिहरूको चर्चा गर्नुहोस् ।

२. कवि बालकृष्ण समले स्वर्ग र देवता कवितामा परिकल्पना गरेको विश्व कस्तो छ ? उल्लेख गर्नुहोस् ।

अथवा

सपनाको लास कविताको मूल भाव के हो ? प्रस्ट पार्नुहोस् ।

३. सप्रसँग व्याख्या गर्नुहोस् ।

हुन्छ एक मुटु नै सबलाई
खोल्छ एक रविले दिनलाई
एक चन्द्र रजनीकन राजा
एक मूर्ति नित बन्दछ ताजा

अथवा

दर्शन हाम्रो पुच्छारमा छ घुम्रेको
व्यक्तित्व हाम्रो पोसाकमा छ उम्रेको

४. कवि दिनेश अधिकारीको मान्छे आस्थाको अभिव्यक्ति कवितामा प्रयुक्त दृष्टिकोण उल्लेख गर्नुहोस् ।

५. खण्डकाव्य र महाकाव्य बीचको भिन्नता औल्याउनुहोस् ।

६. राजेश्वरी खण्डकाव्यमा जिजीविष र भोगाच्छा को चित्रण कसरी गरिएको छ ? प्रस्ट पार्नुहोस् ।

अथवा

लामा कविताका सर्जक मोहन कोइरालाका काव्यगत प्रवृत्तिहरूको चर्चा गर्नुहोस् ।

७. मानव कहाकाव्यमा प्रस्तुत गर्न खोजिएको सन्देशलाई स्पष्ट पार्नुहोस् ।

८. कुन्जिनीलाई सामाजिक खण्डकाव्यका रूपमा चर्चा गर्नुहास् ।

## समूह 'ग' [2×12=24]

९. महाकाव्य तत्वका आधारमा सूलोचना महाकाव्यको समीक्षा गर्नुहोस् ।

१०. नेपाली खण्डकाव्य परमपरामा ऋतुविचार खण्डकाव्यले दिएको योगदानको मूल्याङ्कन गर्नुहोस् ।

अथवा

आधुनिक नेपाली कवितामा देखापरेका प्रमुख धाराहरूको चर्चा गर्नुहोस् ।

Question Bank Nepal

## समूह "क"



सबै प्रश्नहरू अनिवार्य छन् ।

सर्वोयुक्त उत्तरमा रेजा चिन्ह लगाउनुहोस् ।

१. प्राथमिक कालीन नेपाली कविताको केन्द्रीय कवि को हुन् ?
क) सुवानन्द दास ख) शक्तिवल्लभ अर्याल
ग) यदुनाथ पोखरेल घ) भानुभक्त आचार्य

२. 'स्वर्ग र देवता' मा कस्तो शैली अँगालीएको छ ?
क) आख्यानात्मक ख) प्रश्नोत्तरात्मक
ग) संवादात्मक घ) प्रचारात्मक

३. 'नीतिका कुरा' कवितामा कसलाई शत्रु भनिएको छ ?
क) निरूद्यमीलाई ख) इन्द्रियलाई
ग) काव्यात्मक घ) विवरणात्मक

४. कविता विधामा कस्तो भाषाको प्रयोग गरिन्छ ?
क) सूचनात्मक ख) वर्णात्मक
ग) काव्यात्मक घ) विवरणात्मक

५. 'काठमाडौं : गजबको ग्यालिप्रुफ' कवितामा काठमाडौंलाई के ठानिएको छ ?
क) सभ्यताको केन्द्र ख) अस्तित्वको द्योतक
ग) नेपालीपन सूचक घ) कुकृत्यको अखडा

६. 'छाडी जाँदै छु म सहर' का गजलकार किन सहर छाड्न चाहन्छन् ?
क) बढ्दो महँगी र गरिबीले ख) मान्छेको इमान र स्वतान्त्रता अपहरण भएकोले
ग) सम्पत्ति जोड्ने प्रतिस्पर्धा बढेकाले घ) यान्त्रिक जीवनशैलीबाट दिक्क भएकाले

७. 'असार' किवतामा मूलतः कुन पक्षको चित्रण गरिएको छ ?
क) लाहुरेको प्रवृत्तिको ख) राजनीतिक प्रवृत्तिको
ग) प्राकृतिक सौन्दर्यको घ) सांस्कृतिक परिवेशको

८. वैरागी काइँलाका कविताको विशिष्टता के हो ?
क) लय ख) प्रतीक
ग) भाषा घ) विषय

९. 'लडाइँबाट पीठ फर्काउनेका निम्ति मेरो घरको दैलो खुल्दैन' यो भनाई कुन कविताबाट साभार गरिएको हो ?
क) उद्‌बोधन ख) स्वर्ग र देवता
ग) सान्त्वना घ) रहर

१०. 'वैशाख' कविता कुन छन्दमा रचिएको छ ?
क) शार्दुलविक्रीडित ख) शिखरिणी
ग) स्रग्धरा घ) मन्दाक्रान्ता

११. खण्डवाक्यको अनिवार्य तत्व कुन हो ?
क) आख्यान ख) पात्र
ग) नामकरण घ) उद्देश्य

१२. 'ऋतुविचार' संस्कृतका महाकवि कालिदासका कुन रचनाबाट प्रभावित छ ?
क) अभिज्ञान ख) मेघदूत
ग) ऋतुसंहार घ) रघुवंश

१३. 'राजेश्वरी'को अवसानमा कलारकारले व्यक्त गरेको उद्‌गार कुन हो ?
क) एक्लाृ कोमल प्याउली कुसुम यो एक्लास मै फुल्न चौ
ख) पायो मानिसले अलभ्य यसमा यौटा क्षमाको बल
ग) यस्तो पावन सृष्टिभित्र कसरी पापी बन्यो मानिस
घ) आफ्नो दिव्य प्रकाशबाट विमुखी भै भाग्न खोज्छ्यौ तिमी

Question Bank Nepal

१४. 'कुञ्जिनी' खण्डकाव्यको सबल पक्ष के हो ?
क) कवित्व ख) संरचना
ग) छन्द घ) विषयवस्तु

१५. महाकाव्यका सम्बन्धमा कलम चलाउने पहिलो आचार्य को हुन्?
क) कवित्व ख) रूद्रट
ग) दण्डी घ) भामह

१६. 'सुलोचना' महाकाव्य किन प्रसिद्ध छ ?
क) देवकोटाको पहिलो महाकाव्य भएकाले ख) कवित्व र आख्यानको सन्तुलन मिलेकाले
ग) सामाजिक विषयमा आधारित भएकाले घ) विविध लयको प्रयोग गरिएकाले

१७. 'सिमसारका राजदूत' काव्यमा उच्च शिक्षित, आधुनिक चरित्रका रूपमा देखिएको पात्र कुन हो ?
क) दुर्गम ख) करतब
ग) झुम्का घ) गुलाफवती

१८. 'मानव' महाकाव्यमा प्रयुक्त विषयवस्तु के हो ?
क) सामाजिक ख) पौराणिक
ग) ऐतिहासिक घ) मिश्रित

१९. नेपाली भाषामा लेखिएको आधुनिक महाकाव्य कुन हो ?
क) शाकुन्तल ख) आदर्शराघव
ग) चिसो चुल्हो घ) मानव

२०. 'सूलोचना' मा प्रयोग भएको अङ्गी रस कुन हो ?
क) श्रृङ्गार ख) शान्त
ग) करूण घ) वीर

### समूह "ख" ८×७=५६

१. 'गौँथलीको चिरिबीरि' कविताले आजको मान्छेलाई के कस्तो सन्देश दिएको छ ? चित्रण गर्नुहोस् ।

अथवा

'वैशाख' कवितामा आधारमा माधव घिमेरेका काव्यप्रवृत्तिहरू निर्धारण गर्नुहोस् ।

२. सप्रङ्ग व्याख्या गर्नुहोस् :

खुसी हुनु के हो र यो मन चिसिएपछि
थाहै हुन्न छातीमा केकति घातहरू छन् ।

३. हरिभक्त कटुवालले 'रहर' कवितामा प्रस्तुत गरेका दृष्टिकोणचको चर्चा गर्नसहोस् ।
४. 'भोका र नाङ्ग उठ' कविताको मूलभाव स्पष्ट पार्नुहोस् ।
५. खण्डकाव्यको सैद्धान्तिक स्वरूप उल्लेख गर्नुहोस् ।

अथवा

'ऋतुविचार' खण्डकाव्यका विशेषताहरू बताउनुहोस् ।

६. 'राजेश्वरी' खण्डकाव्यमा दार्शनिकले व्यक्त गरेका विचारहरू स्पष्ट पार्नुहोस् ।
७. 'मावन' महाकाव्यका विशेषताहरूको चर्चा गर्नुहोस् ।
८. 'सिमसारका राजदूत' काव्यको शीर्षक सार्थकता औँल्याउनुहोस् ।

अथवा

'सूलोचना' महाकाव्यमा चर्चा भएको ईश्वरवार र अनिवरवादका बिच प्रकाश पार्नुहोस् ।

### समूह 'ग' २×१२=२४

९. नेपाली महाकाव्य परम्परामा 'सूलोचना' ले भित्र्याएका मौलिक विशेषताहरू के के हुन् ? विवेचना गर्नुहोस् ।

१०. आधुनिक नेपाली कविताको परिष्कारवादी धारा र स्वच्छन्दतावादी धाराका मूल प्रवृत्तिहरू तुलतान्मक समीक्षा गर्नुहोस् ।

अथवा

खण्डकाव्यका तत्वका आधारमा 'कुञ्जिनी' का प्रवृत्तिहरू केलाउनुहोस् ।

Question Bank Nepal

## Exam. 2070

Time: 3 hrs. Full Marks: 100

**समूह "क"** **[20]**

सबै प्रश्नहरू अनिवार्य छन् । सर्वोपयुक्त उत्तर रेजा () चिह्न लगाउनुहोस् ।

१. कविता के हो ?
   (क) जीवनजगत्को अभिव्यक्ति
   (ख) भाषाका माध्यमबाट जीवनजगत्को अभिव्यक्ति
   (ग) भाषाका माध्यमबाट गरिने जीवनजगत्को रागात्मक अभिव्यक्ति
   (घ) लयबद्ध स्वतन्त्र अभिव्यक्ति

२. कविता तत्त्वभित्र कुन कुरा पर्दैन ?
   (क) लयविधान (ख) भावविधान
   (ग) सँरचना (घ) परिवेश

३. महाकाव्य कविताको कुन रूपसँग सम्बन्धित हुन्छ ?
   (क) मझौला (ख) बृहत्
   (ग) लघु (घ) लघुतम

४. वीरकालीन नेपाली कविताको मुख्य विशेषता के हो ?
   (क) भक्तिचेतना (ख) वीरवन्दना
   (ग) देशप्रेम (घ) युद्धवर्णन

५. माध्यमिककालीन नेपाली कविताका केन्द्रीय कवि को हुन् ?
   (क) मोतीराम भट्ट (ख) शम्भुप्रसाद ढुङ्गेल
   (ग) तीर्थ आचार्य (घ) लक्ष्मीदत्त पन्त

६. स्वच्छन्दतावादी धाराको विशेषता के हो ?
   (क) भाव, भाषा र लयमा असन्तुलन (ख) काव्यभाषाको चयन र प्रयोग
   (ग) समाज सुधारको चेतना (घ) राष्ट्रिय जागरणको स्वर

७. नेपाली कविताको समसामयिक धाराको प्रमुख विशेषता के हो ?
   (क) अर्मूत लेखन (ख) परिष्कारपूर्ण लेखन
   (ग) सरल र पम्प्रेष्य अभिव्यक्ति (घ) अवचेतन लेखन

८. 'नीतिका कुरा' कवितामा कसलाई मित्र मानिएको छ ?
   (क) इन्द्रीय विजेतालाई (ख) पुरूषार्थीलाई
   (ग) आफ्नै इन्द्रियलाई (घ) क्रोधलाई

९. सरलता, परिष्कार तथा भावगत सघनता भएका कवि को हुन् ?
   (क) सिद्धितरण (ख) भूपिशेरचन
   (ग) माधव घिमिरे (घ) गोपालप्रसाद रिमाल

१०. 'स्वर्ग र देवता' कवितामा अभिव्यक्त कविकल्पना के हो ?
   (क) धरती स्वर्ग हो, मानिस त्यहाँका देवता हुन्
   (ख) स्वर्गको परिकल्पना असत्य हो
   (ग) स्वर्ग र नरक यही धरती हो
   (घ) मृत्युपछि मात्र स्वर्ग पुगिन्छ

११. 'उद्बोधन' कवितामा के कुरा पाइन्छ ?
   (क) मानवीय कर्तव्य (ख) मानवीय कमजोरी
   (ग) असहमति (घ) अन्धविश्वास

१२. कवि माधव घिमिरेका कवितामा प्रस्तुत भएको 'धौलागिरि शिखर' के सँग सम्बन्धित छ ?
   (क) भौगोलिक विकटता (ख) आरोहण गर्न कठिन
   (ग) सिर्जनाको उचाइ (घ) देशप्रतिको माया

१३. 'छोरीलाई मानचित्र पढाउँदा' कवितासँग सम्बन्धित भनाइ कुन हो ?
   (क) भूमण्डलीकरण र विश्वबन्धुत्व (ख) भविष्यप्रतिको चिन्ता
   (ग) सँसारलाई समृद्ध बनाउने परिकल्पना (घ) मानवीय द्वन्द्व

Question Bank Nepal

१४. 'लाटीले घुमाएको जाँतोमा पालो छाडेर वर्तमान दौडेको छ' यस पङ्क्तिका लेखक को हुन् ?

(क) माधव घिमिरे (ख) मोहन कोइराला

(ग) भूपि शेरचन (घ) बैरागी काइँला

१५. कालिप्रसाद रिजालका कवितामा कुन पक्ष प्रबल रहन्छ ?

(क) नीति चेतना (ख) गीति चेतना

(ग) भक्ति चेतना (घ) सामाजिकता

१६. खण्डकाव्यको उपयुक्त परिभाषा कुन हुन सक्छ ?

(क) लघु आकारको प्रशन्ध काव्य

(ख) वर्णनात्मक प्रवृत्तिको काव्य

(ग) विस्तारित आख्यानात्मक सँरचना भएको काव्य

(घ) मानव जीवनको बिराटपक्षको चित्रण गरिएको काव्य

१७. पहिलो प्रयोगवादी लामो कविताका स्रष्टा को हुन् ?

(क) जगदीश शमशेर राणा (ख) मन रेग्मी

(ग) मोहन कोइराला (घ) बैरागी काइँला

१८. 'कुञ्जिनी' खण्डकाव्य कुन लयमा लेखिएको छ ?

(क) विविध नेपाली लोक लय (ख) एउटै लोक लय

(ग) भ्याउरे लय (घ) भोटेसेलो

१९. 'सिमसारका राजदूत' लामो कविताको केन्द्रीत विषयवस्तु के हो ?

(क) जैविक विविधताको सँरक्षण (ख) वातावरणको सन्तुलन

(ग) सिमसारको सँरक्षण (घ) चराहरूको सँरक्षण

२०. 'सुलोचना' महाकाव्यका विशेषता के हो ?

(क) औपन्यासिक महाकाव्य (ख) प्रयोगधर्मी प्रथम महाकाव्य

(ग) सफल सामाजिक महाकाव्य (घ) असफल महाकाव्य

सबै प्रश्नहरू अनिवार्य छन् ।

## समूह "ख" [8×7=56]

१. माध्यमिक कालीन नेपाली कविताका मुख्य विशेषताहरू औल्याउनुहोस् ।

अथवा

नेपाली कविताको परिष्कारवादी धाराका प्रमुख प्रवृत्तिगत विशेषताहरू लेख्नुहोस् ।

२. 'नीतिका कुरा' कवितामा अभिव्यक्त मानवजीवनसँग सम्बद्ध विषयलाई प्रष्ट पार्नुहोस् ।

३. सप्रसङ्ग व्याख्या गर्नुहोस्:

आई कैल्यै पनि नसकिने चैत-बैशाख मेरो
लाई कैल्यैपनि नसकिने प्रीति नौलाख मेरो

४. 'स्वर्ग र देवता' कविताका केन्द्रीयतामा बालकृष्ण समका प्रवृत्तिहरू निर्धारण गर्नुहोस् ।

अथवा

कवि विजय मल्ले 'छोरीलाई मानचित्र पढाउँदा' कवितामा कस्तो भविष्यको परिकल्पना गरेका छन् ? समीक्षा गर्नुहोस् ।

५. गजलकार ज्ञानुवाकर पौडेल र विजय सुब्बाका गजलकारिताको तुलना गर्नुहोस् ।

६. पूर्वीय मान्यताका आधारमा खण्डकाव्यको परिचय दिनुहोस् ।

अथवा

'ऋतुबिचार' खण्डकाव्यका आधारमा लेखनाथ पौड्यालका प्रवृत्तिहरूको लेखाजोखा गर्नुहोस् ।

७. 'कुञ्जिनी' खण्डकाव्यमा प्रस्तुत आत्मिक प्रेमको चर्चा गर्नुहोस् ।

८. 'मानव' महाकाव्यको वैचारिक पक्ष के हो ? विश्लेषण गर्नुहोस् ।

## समूह "ग" [2×12=24]

९. नेपाली लामो कविता लेखन परम्परामा सिमसारका राजदूत लामो कविताले भित्र्याएका नवीन प्रवृत्तिहरूको समीक्षा गर्नुहोस् ।

अथवा

पूर्वीय खण्डकाव्य तत्त्वका आधारमा 'राजेश्वरी' खण्डकाव्यको विश्लेषण गर्नुहोस् ।

Question Bank Nepal

१०. नेपाली महाकाव्यको इतिहासमा 'सुलोचना' महाकाव्यले भित्र्याएका नवीन मान्यताहरूको विश्लेषणात्मक समीक्षा गर्नुहोस् ।

## Exam. 2071

समयः ३ घण्टा

पूर्णाङ्क : १००

सबै प्रश्नहरू अनिवार्य छन् ।

### समूह "ख"

8×7=56

१. आधुनिक नेपाली कविताको विकासक्रमको सङ्क्षिप्त रूपरेखा प्रस्तुत गर्नुहोस् ।

२. 'गौंथलीको चिरीबिरी' कवितामा कवि लेखनाथ पौड्यालले कस्तो आध्यात्मिक भाव प्रस्तुत गरेको छन् ? प्रस्ट पार्नुहोस् ।

अथवा

'स्वर्ग र देवता' कवितामा केन्द्रीयतामा कवि बालकृष्ण समका प्रवत्तिहरू निर्धारण गर्नुहोस् ।

३. सप्रसङ्ग व्याख्या गर्नुहोस् :

गङ्गाको धमिलिन्छ धार शिरको सिन्दूर धोऊँ भने
धर्ती बन्दछ अन्धकारमय यो चुल्हो म फोऊँ भने ।

४. खण्डकाव्यतत्वका आधारमा 'ऋतुबिचार' खण्डकाव्यको विश्लेषण गर्नुहोस् ।

अथवा

'फर्सीको जरा' कविताको समष्टिगत प्रभाव के हो ? खुलस्त गर्नुहोस् ।

५. कवि विजय मल्ल र भूपि शेरचनका प्रवृत्तिहरूको तुलना गर्नुहोस् ।

६. कृष्ण भूषण बलको पाठ्यकविताले दिने सन्देश प्रस्ट पार्नुहोस् ।

अथवा

'मानव' महाकाव्यमा प्रयुक्त वैचारिक पक्षको समीक्षा गर्नुहोस् ।

७. गजलकार ज्ञानुवाकर पौडेल र विजय सुब्बाका गजलकारिताको तुलना गर्नुहोस्

८. 'सान्त्वना' कवितामा कवि रिमालले कस्तो भाव व्यक्त गरेका छन् ? प्रस्ट्याउनुहोस् ।

### समूह "ग"

२×१२=२४

९. नेपाली लामो कविता लेखन परम्परामा 'सिमसारका राजदूत' ले थपेका नवीन विषयवस्तु र प्रवृत्तिहरूको समीक्षा गर्नुहोस् ।

अथवा

खण्डकाव्य तत्वका आधारमा 'राजेश्वरी' खण्डकाव्यको समीक्षा गर्नुहोस् ।

१०. पद्यात्मक उपन्यासका रूपमा 'सुलोचना' महाकाव्यको विस्तृत समीक्षा गर्नुहोस्

### अथवा "क"

२०

**सबै प्रश्नहरू अनिवार्य छन् । सर्वोपयुक्त उत्तरमा रेजा (√) चिह्न लगाउनुहोस् ।**

१. कवितालाई साहित्यका अन्य विधाबाट अलग गराउने तत्व कुन हो ?
(क) दृष्टिबिन्दु (ख)लयविधान (ग) शीर्षक (घ) केन्द्रीय कथ्य

२. प्राथमिककालीन नेपाली कविताको प्रतिनिधि रचना हुन हो ?
(क) श्रीकृष्ण चरित्र (ग) रामायण
(ग) गीत गोविन्द (घ) भक्तमाला

३. नेपाली कविताको कुन अवधिलाई मुद्रणकाल भनेर चिनिन्छ ?
(क) प्राथमिक काल (ग) माध्यमिक काल
(ग) वीर काल (घ) आधुनिक काल

४. परिष्कारवादी धाराको प्रमुख प्रवृत्ति कुन हो ?
(क) लख्य व्याकरणको अनुशासनमा रही कविता सिर्जन गर्नु
(ख) कविता सिर्जनामा विशेष जोड दिनु
(ग) भाव, भाषा र शिल्पशैलीमा सन्तुलन कायम गरी लेख्नु
(घ) सामाजिक चेतनाको परिष्कारमा जोड दिनु

५. नेपाली कविताको समसामयिक धाराको विशेषता के हो ?
(क) स्वचालित र विश्रृङ्खल लेखन

Question Bank Nepal

(ख) अमूर्त लेखनको चेष्टा
(ग) क्लिष्ट र दुर्बोध्य लेखन
(घ) पाठकीय सम्प्रेषणतर्फको आकर्षण

६. 'नीतिका कुरा' कवितामा कसलाई मित्र मानिएको छ ?
(क) पुरूषार्थीलाई (ख) इन्द्रिय विजेतालाई
(ग) इन्द्रियलाई (घ) धनी व्यक्तिलाई

७. सरलता, परिष्कार र भावोन्मेषको एकात्मक त्रिवेणी भन्न सकिने कवि को हुन् ?
(क) भूमिशेरचन (ख) गोपालप्रसाद रिमाल
(ग) सिद्धिचरण श्रेष्ठ (घ) माधव घिमिरे

८. 'स्वर्ग र देवता' कविताको आशय कुन हो ?
(क) मृत्यु नभईकनै स्वर्ग पाइन्छ (ख) मृत्युपछि मात्र स्वर्ग प्राप्त हुन्छ
(ग) मानव भविष्य उज्वल छ (घ) मानव भविष्य खतरापूर्ण छ

९. कवि विजय मल्लले मानिसलाई 'परेवाको गन्जकमा थुनिएको' भन्नुको तात्पर्य के हो ?
(क) मानिस नैतिक बन्धनमा परेकाले
(ख) मानिसले विश्वलाई छुक्याएकाले
(ग) मानिस सांसारिक बन्धनमा परेकाले
(घ) मानिस पारिवारिक बन्धनमा परेकाले

१०. बैरागी काइँलाका कविताको मुख्य विशेषता के हो ?
(क) हार्दिकता (ख) भावुकता (ग) बौद्धिकता (घ) कोमलता

११. 'स्वदेशको गौरव' शीर्षकको कवितामा स्रष्टा को हुन् ?
(क) बैरागी काइँला (ख) हरिभक्त कटुवाल
(ग) भूमि शेरचन (घ) कालीप्रसाद रिजाल

१२. युद्धप्रसाद मिश्रका कवितामा कुन पक्ष प्रवल देखिन्छ ?
(क) वर्गीय विषमता (ख) चरम आर्थिक सङ्कट
(ग) क्रान्तिकारीभाव (घ) विद्रोहात्मक आवाज

१३. 'मान्छेबिनाको धर्तीको कुनै अस्तित्व छैन' भन्ने भाव व्यक्त भएको कविता कुन हो ?
(क) पर्खनुपर्छ (ख) मान्छे आस्थाको अभिव्यक्ति
(ग) काठमाडौं: एउटा ग्यालीप्रुफ (घ) स्वदेशको गौरव

१४. खण्डकाव्यको आधारभूत तत्व कुन होइन ?
(क) कथावस्तु (ख) पात्रविधान (ग) भाषाशैली (घ) अभिनय

१५. पहिलो प्रयोगवादी लामो कविताका रचनाकार को हुन् ?
(क) बैरागी काइँला (ख) मोहन कोइराला
(ग) मदन रेग्मी (घ) जगदीश शमशेर

१६. नेपाली साहित्यमा 'ऋतुविचार' को विशेष चर्चा किन गरिन्छ ?
(क) मानवतावादी साहित्यको प्रारम्भ गरेकाले
(ख) प्रकृतिको विशद् चित्रण गरिएकाले
(ग) उपमाको समुचित प्रयोग भएकाले
(घ) पहिलो आधुनिक मोलिक खण्डकाव्य भएकाले

१७. राजेश्वरीकोअवसानमा दार्शनिकले व्यक्त गरेको उद्‌गार कुन हो ?
(क) सारा सृष्टि सिँगार्छ इन्द्रधनुको यौटै पनि यो कण
(ख) आधा मुर्च्छित स्वार्थले छ कसरी हा मानवी हिर्दय
(ग) हावा बन्द्छ विषाक्त श्वास तिमी नै फर्छौ कसोरी यहाँ ?
(घ) छेपारो जसरी बदल्छ रङ्ग यै छाया र यै घाममा

१८. 'सिमसारका राजदूत' लामो कविताको प्रमुख स्वर के हो ?
(क) वातावरणीय सन्तुलन र संरक्षण
(ख) थारू जातिको सांस्कृतिक पहिचान
(ग) चराहरूको आश्रयस्थल निमार्णको चाहना

Question Bank Nepal

(घ) प्रकृतिको सुन्दर चित्रण

१९. 'सुलोचना' महाकाव्यको प्रारम्भ कुन छन्दबाट भएको छ ?
(क) शशीवदना (ख) अनुष्टुप (ग) वियोगिनी (घ) सेलो

२०. प्रवृत्तिगत दृष्टिले 'मानव' महाकाव्य कस्तो देखिन्छ ?
(क) प्रगतिवादी (ख) शास्त्रीयतावादी (ग) स्वच्छन्दतावादी (घ) प्रयोगवादी

**Exam. 2072**

**समय: ३ घण्टा** **पूर्णाङ्क : १००**

**सबै प्रश्नहरू अनिवार्य छन् ।**

**समूह 'ख'** **८×७=५६**

१. आधुनिक नेपाली कविताको समसामयिक धाराका प्रमुख विशेषता औंल्याउनुहोस् ।

२. 'नीतिका कुरा' कवितश्लाको केन्द्रीय भाव स्पष्ट पार्नुहोस् ।

अथवा

'गौंथलीको चिरीबिरी' कविताले प्रस्तुत गर्न खोजेको सन्देश प्रष्ट्याउनुहोस् ।

३. पाठ्य कविताका आधारमा लक्ष्मीप्रसाद देवकोटाका प्रवृत्तिहरूको चर्चा गर्नुहोस्

४. 'सान्त्वना' कवितामा कसले के सान्त्वना दिएको छ ? प्रकाश पार्नुहोस् ।

५. सप्रसङ्ग व्याख्या गर्नुहोस्:
मेरै धौलागिरि शिखरमा छैन मैले पुगेको
नेपालीको दिल छुन अझै छैन मैले सकेको ।

६. प्रकृति काव्यका रूपमा 'ऋतुविचार' खण्डकाव्यको छोटो समीक्षा गर्नुहोस् ।

अथवा

सामाजिक खण्डकाव्यका रूपमा 'कुञ्जिनी' खण्डकाव्यको चर्चा गर्नुहोस् ।

७. खण्डकाव्य र महाकाव्यका बिचको भिन्नता छुट्याउनुहोस् ।

अथवा

माधव घिमिरेका खण्डकाव्यात्मक प्रवृत्तिको चर्चा गर्नुहोस् ।

८. भूपि शेरचन र कालिप्रसाद रिजालका प्रवृत्तिहरूको तुलना गर्नुहोस् ।

**समूह 'ग'** **२×१२=२४**

९. 'सिमसारका राजदूत' लामो काव्यको विषयवस्तुबारे चर्चा गर्नुहोस् ।

१०. महाकाव्यका आधारभूत तत्वहरूको व्याख्या गर्नुहोस् ।

अथवा

प्रयोगधर्मी महाकाव्यका रूपमा 'सुलोचना' महाकाव्यको समीक्षा गर्नुहोस् ।

**समूह 'क'** **२०**

**सबै प्रश्नहरू अनिवार्य छन् । सर्वोपयुक्त उत्तरमा रेजा (√) चिह्न लगाउनुहोस् ।**

१. कविता के हो ?
क. आख्यानात्मक रचना ख. ध्वन्यात्मक रचना
ग. भावपूर्ण लयात्मक रचना घ. वाच्यार्थ प्रधान रचना

२. 'खण्डकाव्य' कविताको कुन रूपअन्तर्गत पर्दछ ?
क. लघु रूप ख. मझौला रूप ग. बृहत् रूप घ. बृहत्तर रूप

३. प्राथमिककालीन नेपाली कविताको आदर्श कृति कुनलाई मानिन्छ ?
क. पृथ्वीन्द्रोदय ख. भानुभक्तीय रामायण
ग. श्रीकृष्ण चरित्र घ. प्रश्नोत्तर

४. 'सत्य कलि संवाद' काव्यका लेखक को हुन् ?
क. भानुभक्त आचार्य ख. लेखनाथ पौड्याल
ग. लक्ष्मीप्रसाद देवकोटा घ. मोतिराम भट्ट

५. माध्यमिक कालको प्रमुख विशेषता कुन हो ?
क. मुद्रण र प्रकाशनको आरम्भ ख. भक्तिचेतनाको प्रभाव
ग. कवितामा पूर्ण परिष्कार घ. उत्कृष्ट महाकाव्यको रचना

Question Bank Nepal

६. परिष्कारवादी धारको मुख्य विशेषता के हो ?
क. कवितामा भाव, भाषा र लयको सन्तुलन
ख. सहज अभिव्यक्ति-सौन्दर्यप्रति विशेष चासो
ग. आध्यात्मिक -सांस्कृतिक चेतनाको प्रस्तुति
घ. बौद्धिक, अमूर्त र प्रतीकात्मकता

७. नेपाली कविताको समसामयिक धाराको प्रमुख विशेषता के हो ?
क. अमूर्त लेखन ख. स्पष्ट र सरल अभिव्यक्ति
ग. छन्दोबद्ध कविता लेखन घ. गीत-गजलप्रति आकर्षण

८. 'नीतिका कुरा' कवितामा 'दरिद्र' कसलाई भनिएको छ ?
क. मनमा तृष्ण भएको व्यक्तिलाई ख. उद्यम नगर्ने व्यक्तिलाई
ग. इन्द्रिय विजयी व्यक्तिलाई घ. अर्को भलो गर्ने व्यक्तिलाई

९. 'गौंथलीको चिरिबिरी' कविता कुन पृष्ठभूमिमा आधारित छ ?
क. गौंथलीको झगडा ख. गौंथली र मानिसका बिचको झगडा
ग. १९९० सालको महाभूकम्प घ. २००७ सालको परिवर्तन

१०. 'दर्शन हाम्रो पुच्छरमा छ घुम्रेको' व्यक्तित्व हाम्रो पोशाकमा छ उम्रेको' यस कविता पङ्क्तिका लेखक को हुन् ?
क. भूपि शेरचन ख. लक्ष्मीप्रसाद देवकोटा
ग. बूँद राना घ. ज्ञानुवाकर पौडेल

११. आयामेली आन्दोलनका सक्रिय कवि को को हुन् ?
क. वैागी काइँला र ईश्वर बल्लभ
ख. भूपि शेरचन र वैरागी काइँला
ग. वैरागी काइँला र इन्द्रबहादुर राई
घ. भूपि शेरचन र इन्द्रबहादुर राई

१२. कवि गोपालप्रसाद रिमाल आफ्ना कवितामा को सँग प्रेम गर्न चाहन्छ ?
क. क्रान्ति ख.शान्ति ग. नारी घ. समाज

१३. उत्कृष्ट व्यञ्जनासामर्थ्य भएको कविता कुन हो ?
क. पर्खनुपर्छ ख.काठमाडौं एउटा ग्यालीपूफ
ग. स्वदेशको गौरव घ. स्वर्ग र देवता

१४. खण्डकाव्यको उपयुक्त परिभाषा कुन हुन सक्छ ?
क. लघु आधारको प्रबन्ध रचना
ख. जीवनको विराट चित्रण गरिएको रचना
ग. विस्तारित आख्यात्मक संरचना
घ. वर्णनात्मक प्रकृतिको रचना

१५. पहिलो प्रयोगवादी लामो कविता लेख्ने व्यक्ति को हुन् ?
क. मोहन कोइराला ख. मदन रेग्मी
ग. वैरागी काइँला घ. जगदीश शमशेर राणा

१६. 'ऋतुविचार' खण्डकाव्यको विशेष चर्चा हुने कारण के हो ?
क. प्रकृतिपरक रचना भएकाले
ख. पहिलो आधुनिक खण्डकाव्य भएकाले
ग. उत्कृष्ट रचना सौन्दर्य भएकाले
घ. जीवनको व्यापक सन्दर्भ समेटिएकाले

१७. 'कुञ्जिनी' खण्डकाव्यको विषयवस्तुगत स्रोत के हो ?
क. सामाजिक ख. पौराणिक ग. आधुनिक घ. परम्परागत

१८. 'सिमसारका राजदूत' काव्यको केन्द्रीय विचार के हो ?
क. पर्यावरण संरक्षण ख. चरा संरक्षण
ग. सिमसारको संरक्षण घ. मानवजातिको संरक्षण

१९. देवकोटाका महाकाव्यहरूमध्ये 'सुलोचना' किन विशेष चर्चित छ ?

Question Bank Nepal

क. सामाजिक महाकाव्य भएकाले
ख. देवकोटालाई अग्नीपरीक्षामा खरो उतारेकाले
ग. प्रयोगधर्मी रचना भएकाले
घ. पद्यात्मक ओपन्यासिकता भएकाले

२०. 'मानव' को काव्य हो ?
क. प्रयोगधर्मी गद्य महाकाव्य
ख. वर्गीय विषमता उजागर भएको प्रगतिवादी महाकाव्य
ग. शास्त्रीय ढाँचामा संरचित महाकाव्य
घ. आधुनिक पहिलो महाकाव्य

## (c) नेपाली भाषा शिक्षण (नेपा.शि. ३५१)

### Exam 2067

समय : ३ घन्टा पूर्णाङ्क: १००

### समूह "क" २०

सबै प्रश्नहरु अनिवार्य छन् । सर्वोपयुक्त उत्तरमा रेजा (√) चिन्ह लगाउनुहोस् ।

१. पाठ्यवस्तु छनौटको आन्तरिक आधार कुन हो ?
(क) तह (ख) समयावधि (ग) आवृत्ति (घ) परिवेश

२. मनोवादीहरु कुन कुरालाई बढी जोड दिन्छन् ?
(क) पुनरावृत्ति (ख) अभ्यास (ग) वैयक्तिक (घ) गृहकार्य

३. मूलत: मूल्याङ्कन के मा आधारित हुनुपर्छ ?
(क) उद्देश्य (ख) विषयवस्तु (ग) पाठ्यवस्तु (घ) शिक्षणविधि

४. भाषा शिक्षण गर्दा पाठ्यपुस्तकको एउटा पाठलाई कुन रुपमा हेरिनु उपयुक्त हुन्छ ?
(क) विभिन्न विषयवस्तुको सँगालो (ख) विविध सीपहरुको सँगालो
(ग) चित्र, अभ्यास आदिको सँगालो (घ) भिन्न-भिन्न ज्ञानहरुको सङ्ग्रह

५. पाठ्यपुस्तक के हो ?
(क) अनिवार्य सामग्री (ख) शिक्षण सामग्री
(ग) पाठ्यक्रमको विकल्प (घ) शिक्षकको सहयोगी

६. कुन कार्यकलापमा तत्काल पृष्ठपोषण आवश्यक हुन्छ ?
(क) सस्वरवाचन (ख) मौनपठन
(ग) गहनपठन (घ) द्रुतपठन

७. माध्यमिक तहमा व्याकरण शिक्षणको मूलभूत समस्या के हो ?
(क) उदाहरणमा जोड (ख) निगमन विधिको प्रयोग
(ग) लचिलो पाठ्यक्रम (घ) दक्ष शिक्षकको कमी

८. घर-घार, अहिले-आहिले जस्ता उच्चारणगत त्रुटिहरु कुन भाषिक पृष्ठभूमिका वक्ताहरुमा पाइन्छ ?
(क) नेवारी (ख) तामाङ
(ग) भोजपुरी (घ) मैथिली

९. एकाङ्की शिक्षण गर्दा कुन कार्यकलापलाई प्राथमिकता दिनुपर्छ ?
(क) एकाङ्कीको समीक्षा (ख) पठनबोधात्मक प्रश्नोत्तर
(ग) मौनवाचन (घ) अभिनयपूर्वक वाचन

१०. वर्णविन्यास शिक्षण कसरी गर्नु उपयुक्त हुन्छ ?
(क) नियम बताइ दिएर (ख) समस्यामूलक शब्द खोज्न लगाएर
(ग) उदाहरण दिएर (घ) उच्चारणगत अभ्यास गराएर

११. कुनै विषय पढेर त्यसबारे टीकाटिप्पणी गर्ने प्रश्नलाई के भनिन्छ ?
(क) विवेचनात्मक (ख) अनुमानात्मक
(ग) निचोडमूलक (घ) सतही

१२. उच्चारण कुन सीपअन्तर्गत पर्छ ?
(क) लेखाइ (ख) बोलाइ (ग) पढाइ (घ) सुनाइ

Question Bank Nepal

१३. रुपक विधाअन्तर्गत नपर्ने कुरा कुन हो ?
(क) वक्तृता (ख) संवाद (ग) दैनिकी (घ) मनोवाद

१४. सुनाइ र पढाइ दुबै सीपको विकास गराउन उपयोग गरिने विधा कुन हो ?
(क) कथा (ख) कविता (ग) दैनिकी (घ) रुपक

१५. माध्यमिक तहमा कस्तो सुनाइ आवश्यक हुन्छ ?
(क) पूर्ण (ख) एकाग्र
(ग) मनोरञ्जनात्मक (घ) विश्लेषणात्मक

१६. भाषा पाठ्यपुस्तकको आन्तरिक आधार कुन होइन ?
(क) व्याकरण (ख) भाषा (ग) निर्देशन (घ) चित्र

१७. मूलत: वादविवादबाट कुन पक्षको विकास हुन्छ ?
(क) हार्दिकता (ख) तार्किकता
(ग) बौद्धिकता (घ) वक्तृता

१८. माध्यमिक शिक्षा पाठ्यक्रम, २०६४ ले ऐच्छिक प्रथमपत्रको भाषा समूहमा कतिओटा भाषा समावेश गरेको छ ?
(क) २० (ख) २१ (ग) २२ (घ) १९

१९. नेपाली भाषा दोस्रो भाषाका रुपमा शिक्षण गर्दा कुन कार्यकलापलाई बढी जोड दिनुपर्छ ?
(क) उच्चारण (ख) शब्दभण्डार (ग) पठनबोध (घ) लेखाइ

२०. भाषाशिक्षणलाई रुचिपूर्ण बनाउन के गर्नुपर्छ ?
(क) शिक्षणलाई स्तरीय बनाउनुपर्छ (ख) विविधता सिर्जना गर्नुपर्छ
(ग) विद्यार्थी सहभागिता बढाउनुपर्छ (घ) रङ्गीन चित्रहरुको उपयोग गर्नुपर्छ

**सबै प्रश्नहरु अनिवार्य छन् ।**

**समूह "ख" 8x7=56**

१. दोस्रो भाषाका रुपमा नेपाली शिक्षण कसरी गर्नु उपयुक्त हुन्छ ? लेख्नुहोस् ।

२. नेपाली भाषा शिक्षणमा देखापरेका कुनै चारओटा समस्याहरु उल्लेख गरी तिनको निराकरण उपायहरु समेत लेख्नुहोस् ।

३. विषय र माध्यमका रुपमा मातृभाषाको उपयोग कसरी गर्न सकिन्छ ?

अथवा

भाषा पाठ्यपुस्तकमा समाविष्ट जीवनी विधाको शैक्षणिक प्रयोजन के हो ?

४. शब्दार्थ शिक्षणका लागि शब्दकोषको उपयोग गर्ने तरिका बताउनुहोस् ।

५. भाषिक मूल्याङ्कनका सिद्धानतहरु उल्लेख गर्नुहोस् ।

अथवा

गोजीतालिका र शब्दपत्तीको निर्माण तथा प्रयागविधि उल्लेख गर्नुहोस् ।

६. भाषिक मूल्याङ्कनमा पृष्ठमार्जनको उपयोगिता औंल्याउनुहोस् ।

७. कक्षा १० मा मनोवाद शिक्षणको लागि एउटा पाठयोजना तयार पार्नुहोस् ।

अथवा

वाक्यरचना शिक्षणका कुनै चारओटा कार्यकलाप उल्लेख गर्नुहोस् ।

८. लिखित अभिव्यक्तिको शुद्धीकरण प्रभावकारी रुपमा कसरी गर्न सकिन्छ ?

**समूह "ग" 2x12=24**

९. भाषा पाठ्यवस्तु स्तरणका आधारहरु के के हुन् ? लेख्नुहोस् ।

अथवा

कक्षा नौको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकको आन्तरिक तथा बाह्य आधारमा मूल्याङ्कन गर्नुहोस् ।

१०. माध्यमिक तहको वर्तमान नेपाली भाषा पाठ्यक्रममा समावेश गरिएका उद्देश्यहरुको विश्लेषण गर्नुहोस् ।

Question Bank Nepal

## EXAM 2068
## (Nep.Ed.391)

सबै प्रश्नहरू अनिवार्य छन् ।

### समूह 'क' २०

१. शब्दोच्चारण भाषको कुन कुशलताअन्तर्गत पर्दछ ?
क) लेखाई ख) पढाइ ग) बोलाई घ) सुनाइ

२. नेपाली भाषाशिक्षणको सामान्य सिद्धान्तमा कुन पर्दैन ?
क) रुचीपूर्णता ख) एकाकालिकता
ग) स्तरीयता घ) निगमनात्मकता

३. नेपाली भाषाशिक्षणको सबैभन्दा प्रमुख समस्या के हो ?
क) तामिमप्राप्त शिक्षकको कमी
ख) विद्यार्थीहरूको सहभागिता
ग) नेपाली विषयप्रतिको वेवास्ता
घ) पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको अभाव

४. नेपाली भाषा शिक्षण आवश्यक मानिनुका कारण के हो ?
क) धेरै मान्छेहरूले बोल्ने भएकाले
ख) नेपाली भाषा विकसित भाषा भएकाले
ग) पाठ्यपुस्तक नेपाली भाषाको भएकाले
घ) नेपाली रष्ट्रिय गतिविधिको माध्यम भाषा भएकाले

५ पहिलो र दोस्रो भाषा सिकाइका बीच कुन अन्तर पाउन सकिन्छ ?
क) साहित्यको प्रगोग हुनु र नहुनु ख) परिवेश सुलभा हुनु र नहुनु
ग) सिकाइ स्तरीय हुनु र नहुनु घ) सिकाइ योजनाबद्ध हुनु र नहुनु

६. दोस्रो भाषा सिकाइमा प्रत्यक्ष र सकारात्मक प्रभाव पार्ने प्रमुख तत्व कुन हो ?
क) सामग्रीको उपलब्धता ख) विद्यालयको पाठ्यक्रम
ग) भाषिक पृष्ठभूमि घ) भाषिक वातावरण

७. भाषा पाठ्यपुस्तकको वाह्य आधार कुन होइन ?
क) आक्षराकार ख) कागत
ग) आवरण घ) भूमिका

८. पढाइ र सुनाइ सीपसँग बढी सम्बन्धित विधा कुन हो ?
क) निबन्ध ख) दैनिक ग) रुपम घ) कविता

९. मौन पाठनको कुन कुराको विकास गर्न मद्दत पुऱ्याउँछ ?
क) शुद्ध उच्चारण ख) गम्भीर पठन
ग) अरुको ध्यानाकर्षण घ) शुद्ध वर्णविन्यास

१०. सस्वर पठन भनेको के हो ?
क) आवाज निकाली पढ्नु ख) विपरीतार्थ शब्द दिने
ग) विरग चिन्ह हेक्का राखी पढ्नु घ) अर्काले सुन्ने गरी पढ्नु

११. शब्दार्थ शिक्षणमा बढी उपयुक्त तरिका कुन हो ?
क) शब्दको अर्थ बताउने ख) विपरीतार्थ शब्द दिने
ग) वाक्यको प्रयोग गर्ने घ) परिभाषा दिने

१२. स्वतन्त्र लेखन अभिव्यक्तिको अभ्यास गराउने कस्तो शीर्षक छान्नुपर्छ ?
क) अनुभव गरेको ख) जाने बुझेका
ग) सोच्नुपर्ने घ) सोध्नुपर्ने

१३. ऐतिहासिक पौराणिक जस्ता शब्द सिकाउने कुन विधि उपयुक्त हुन्छ ?
क) व्युत्पत्ति ख) पर्यायवाची ग) चित्रप्रयोग घ) अनुकरण

१४. माध्यमिक दहमा व्याकरण शिक्षणको मुख्य समस्या के हो ?
क) अस्पष्ट पाठ्यक्रम ख) अधिक उदाहरण
ग) सैद्धान्तिक पक्षमा जोड घ) सूत्रबद्धता

१५. पाठयोजना समान महत्व पाउने स्तम्भ कुन हो ?

Question Bank Nepal

क) उद्देश्य र शिक्षणसामग्री		ख) उद्देश्य र क्रियाकलाप
ग) कार्यकलाप र शिक्षणसामग्री		घ) उद्देश्य र गृहकार्य

१६. अध्यापन कार्यलाई प्रभावकारी बनाउने के आवश्यक पर्छ ?
क) भाषिक मूल्याङ्कन		ख) अध्यापन योजना
ग) शब्दार्थ शिक्षण		घ) उच्चारण

१७. भाषा पाठयोजनाको उद्देश्य कस्तो हुनुपर्छ ?
क) अभिवृत्तिपरक		ख) परीक्षणीय
ग) संस्मरणपरक		घ) प्रभावपरक

१८. निर्देशित र स्वतन्त्रा लेखनको शिक्षण गर्दा उपयुक्त हुने सामग्री कुन हो ?
क) श्यामपाटी		ख) फलाटिन
ग) गोजी तालिका		घ) चित्र

१९. मुख्यतः भाषाशिक्षनण कुन कुराको मूल्याङ्कन हुनुपर्छ ?
क) मौलिक सर्जना	ख) बौद्धिकता
ग) सीप		घ) अभिवृत्ति

२०. वाठ्यवस्तुको शिक्षण गरिसकेपछि मूल्याङ्कनको आधार केलाई मान्नुपर्दछ ?
क) साधारण उद्देश्य		ख) विशिष्ट उद्देश्य
ग) कायकलाप		घ) शिक्षकको विवेक

**समूह 'ख' [8×7=56]**

१. बुहभाषिक मुलुक नेपालका सन्दर्भमा नेपालीभाषा शिक्षणको आवश्यकता दर्साउनुहोस् ।

अथवा

नेपाली भाषाशिक्षणमा देखापरेका प्रमुख समस्याहरूको चर्चा गर्नुहोस् ।

२. पहिलो र दोस्रो भाषा सिकाइमा के कस्तो अन्तर पाइन्छ ? स्पष्ट पार्नुहोस् ।

३. मातृभाषा शिषणको महत्व र आवश्यकता दर्शाउनुहोस् ।

४. माध्यमिक तहको वर्तमान अनिवार्य पाठ्यक्रमको समीक्षा गर्नुहोस् ।

अथवा

भाषा पाठ्यवस्तुमा स्तरको आवश्यकता दर्साउनुहोस् ।

५. माध्यमिक तहमा शिक्षणका लागि सस्वर पठनको मुख्यमुख्य कार्यकलाप बताउनुहोस् ।

६. माध्यमिक कक्षामा शिक्षणको प्रयोजना बताउनुहोस् ।

अथवा

शब्दार्थ शिक्षणमा कुनै चार तरिकाहरूको सोदाहरण चर्चा गर्नुहोस् ।

७. कक्षा १० को नेपाली पाठ्यपुस्तकबाट पठनबोध शिक्षणका लागि एउटा पाठनयोजना बनाउनुहोस् ।

८. भाषिक मूल्याङ्कन साधनहरू परिचय दिनुहोस् ।

**समूह 'ग' [2×12=24]**

९. नेपाली भाषा पाठ्यक्रमको ऐतिहासिक विकासक्रमको चर्चा गर्नुहोस् ।

अथवा

भाषा शिक्षाणका सन्दर्भमा शव्दभण्डार चयनका आधारहरूको वर्णन गर्नुहोस् ।

१०. विधा, विषयवस्तु र चित्रसामग्रीका आधारमा कक्षा ९ को नेपाली पाठ्यपुस्तकको विवेचना गर्नुहोस् ।

## Exam 2069

**समूह 'क'**		**20**

सबै प्रश्न अनिवार्य छन् । सर्वोपयुक्तल उत्तरमा रेजा (√) चिह्न लगाउनुहोस्)

1. माध्यमिक तहको वर्तमान नेपाली भाषा पाठ्यक्रममा कस्तो कविता समावेश गरिएको छैन ?
(क) राष्ट्रियता प्रधान		(ख) समाज प्रधान
(ग) संस्कृति प्रधान		(घ) इतिहास प्रधान

Question Bank Nepal

2. पाठ्यक्रम वनिर्माणमा सबैभन्दा महत्त्वपूर्ण अङ्ग कुन हो ?
(क) विषयवस्तु (ख) भाषिक सिप
(ग) मूल्याङ्कन (घ) उद्देश्य

3. भाषा कक्षालाई सुरूचिपूर्ण बनाउन शिक्षकले के गर्नुपर्छ ?
(क) पुनरावृत्तिमा जोड (ख) धेरै चित्रको प्रयोग
(ग) विविध कार्यकलापको उपयोग (घ) नियन्त्रित वातावरणको सिर्जना

4. पाठ्यवस्तु छनोटको आन्तरिक आधार कुन हो ?
(क) अवधि (ख) शैली (ग) तह (घ) विद्यालयको पकृति

5. सुनाइ र पढाइ सिपसँग बढी सम्बन्धित विधा कुन हो ?
(क) रूपक (ख) निबन्ध (ग) कविता (घ) दैनिकी

6. नेपाली भाषा शिक्षणमा नवीन सोचअनुसार कहिलेदेखि तालिम सुरू भयो ?
(क) वि.सं. २०२८ (ख) वि.सं. २००८ (ग) वि.सं. २०१३ (घ) वि.सं. २०१६

7. शब्दोच्चारण भाषाको कुन सिपअन्तर्गत पर्छ ?
(क) बोलाइ (ख) पढाइ (ग) सुनाइ (घ) लेखाइ

8. धर्मलाई 'धरम' र प्रसादलाई 'पर्साद' जस्ता उच्चारणगत त्रुटि कुन मातृभाषीले गर्छन ?
(क) मैथिली (ख) नेवारी (ग) नेपाली (घ) तिब्बती

9. भाषा पाठ्यपुस्तकको बाह्य आधारमा कुन पर्दैन ?
(क) कागत (ख) भूमिका (ग) आवरण (घ) अक्षराकार

10. भाषा योजनाको उद्देश्य कस्तो हुनुपर्छ ?
(क) प्रभावपरक (ख) संस्मरणपरक (ग) परीक्षणीय (घ) अभिवृत्तिपरक

11. वि.सं. २०२८ पूर्वका माध्यमिक नेपाली भाषा पाठ्यक्रममा विशिष्ट रूपमा उल्लेख नभएको कुरा के हो ?
(क) उद्देश्य (ख) मूल्याङ्कन (ग) विषयवस्तु (घ) पाठ्यसूची

12. स्वतन्त्रलेखन अभिव्यक्तिको अभ्यास गराउन कस्तो शीर्षक छनोट गर्नु उपयुक्त हुन्छ ?
(क) सोच्नु पर्ने (ख) जाने बुझेको
(ग) सोध्नुपर्ने (घ) अनुभव गरेको

13. वादविवाद शिक्षण गर्दा सबैभन्दा पहिले के गर्नु पर्दछ ?
(क) बोल्नु लगाउने (ख) भाव बताइदिने
(ग) नियमहरू भनिदिने (घ) पक्षविपक्ष छुट्याउने

14. वर्णविन्यास शिक्षणको कमजोर पक्ष कुन हो ?
(क) शब्दकोशको प्रयोग गर्ने सल्लाह दिनु (ख) उदाहरण दिनु
(ग) नियमहरू बताउनु (घ) धेरै पटक अभ्यास गराउनु

15. विधाको क्षेत्र कुन हो ?
(क) कथा, कविता, जीवनी (ख) सुनाइ, बोलाइ, पढाइ
(ग) सामाजिक, सांस्कृतिक, प्राकृतिक (घ) श्रुतिबोध, पठिनबोध, लयबोध

16. 'संवाद' शिक्षण कसरी गराउनु राम्रो मानिन्छ ?
(क) पढ्न लगाएर (ख) नाटकीकरण गराएर
(ग) सस्वर वाचन गराएर (घ) शब्दार्थबोध गराएर

17. दोस्रो भाषा सिकाइमा प्रमुख बाधक तत्त्व कुन हो ?
(क) रूचि (ख) उमेर
(ग) विषय (घ) भाषिक पृष्ठभूमि

18. विद्यालयस्तरमा वनेपाली भाषाको पाठ्यक्रम सर्वप्रथम कहिले बनेको हो ?
(क) वि.सं. १९९० (ख) वि.सं १९५८
(ग) वि.सं. २०२८ (घ) वि.सं. २०५६

19. कविता शिक्षणको मूलभूत उद्देश्य कुन हो ?
(क) भावबोध (ख) लयबोध (ग) शब्दार्थबोध (घ) वाक्य प्रयोग

20. भाषा शिक्षणमा अभ्यास र पुनरावृत्तिलाई किन प्राथमिकता दिइएको हो ?

Question Bank Nepal

(क) सजिलो बनाउनका लागि (ख) बानी निर्माणका लागि
(ग) वैयक्तिक क्षमता फरक-फरक भएकाले (घ) विषयवस्तु अप्ठ्यारो भएकाले

**समूह 'ख'**

सबै प्रश्न अनिवार्य छन् । 8×7=56

1. माध्यमिक तहमा भाषा शिक्षणका कुनै चारवटा समस्याहरूको उल्लेख गर्नुहोस् ।
2. भाषा पाठ्यवस्तु स्तरणको आवश्यकता दर्शाउनुहोस् ।
   अथवा
   माध्यमिक भाषा पाठ्यक्रम २०६४ का विशेषताहरू उल्लेख गर्नुहोस् ।
3. भाषा पाठ्यपुस्तकका आन्तरिक विशेषताहरूको चर्चा गर्नुहोस् ।
4. बोलाइमा कमजोर हुनाका कारण र निराकरणका उपायहरू सुझाउनुहोस् ।
   अथवा
   पठनबोधको शिक्षणक्रम उल्लेख गर्नुहोस् ।
5. शब्दार्थ शिक्षणका तरिकाहरू के के हुन सक्छन् ? लेख्नुहोस् ।
6. व्याकरण शिक्षणमा भाषा संसर्ग विधिको महत्त्व दर्साउनुहोस् ।
   अथवा
   नेपाली भाषा शिक्षणमा सहायक हुने सामग्रीको सूची तयार पार्नुहोस् ।
7. कक्षा १० को कथा शिक्षणका लागि एउटा पाठयोजना बनाउनुहोस् ।
8. सुनाइ शिक्षणका कार्यकलापहरूको उल्लेख गर्नुहोस् ।

**समूह 'ग'** 2×12=24

9. भौतिक र प्राज्ञिक कोणबाट कक्षा ९ को पाठ्यवस्तुको विवेचना गर्नुहोस् ।
10. व्याक्यरचना शिक्षणको प्रयोजन उल्लेख गरी वाक्यरचना गर्दा हुने त्रुटिका क्षेत्रहरू पहिल्याउनुहोस् ।
    अथवा
    भाषा पाठ्यपुस्तकमा राखिएका विधाको शैक्षणिक प्रक्रिया र प्रयोजनमाथि प्रकाश पार्नुहोस् ।

## Exam 2070

Time: 3 hrs. Full Marks: 100

सबै प्रश्नहरू अनिवार्य छन् ।

**समूह "ख"** [8×7=56]

१. पहिलो भाषा र दोस्रो भाषा शिक्षणमा अन्तर देखाउनुहोस् ।
२. राष्ट्रभाषाका रूपमा नेपाली शिक्षण गर्दा के के कुरामा ध्यान दिनुपर्दछ ?
   अथवा
   दोस्रो भाषा तथा विदेशी भाषा शिक्षणमा पाइने समानता र भिन्नताहरू उल्लेख गर्नुहोस् ।
३. वाक्य गठन शिक्षणका तरिकाहरू के के हुन् ? चर्चा गर्नुहोस् ।
४. उच्चारणमा कमजोरी हुने कारणहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।
   अथवा
   माध्यमिक तहमा सस्वर पठनको प्रयोजन बताउनुहोस् ।
५. मौखिक अभिव्यक्ति र लिखित अभिव्यक्तिको अन्तरसम्बन्ध दर्साउनुहोस् ।
६. कक्षा नौ का लागि चिठ्ठी शिक्षण पाठ्यवस्तुमा आधारित नमुना पाठयोजना तयार पार्नुहोस् ।
   अथवा
   मनोवादी सिद्धान्तअनुसार भाषा शिक्षण गर्दा कुन कुन कुरालाई ध्यान दिनु पर्छ ?
७. भाषा पाठ्यपुस्तकको प्राज्ञिक विशेषताहरूको चर्चा गर्नुहोस् ।
८. भाषा शिक्षणमा प्रयोग गर्न सकिने सहायक सामग्रीको वर्गीकरण गर्नुहोस् ।

**समूह "ग"** [2×12=24]

९. भाषिक मूल्याङ्कनको परिचय दिई, यसका साधनहरूबारे चर्चा गर्नुहोस् ।
   अथवा
   बाह्य र आन्तरिक विशेषताका आधारमा कक्षा १० को नेपाली पुस्तकको विवेचना गर्नुहोस् ।
१०. भाषा पाठ्यक्रम निर्माणका सामान्य सिद्धान्तको विवेचना प्रस्तुत गर्नुहोस् ।

Question Bank Nepal

## समूह "क" [20]

सबै प्रश्नहरू अनिवार्य छन् । सर्वोपयुक्त उत्तरमा रेजा (√) चिह्न लगाउनुहोस् ।

१. पहिलो भाषा कुन हो ?
(क) मातृभाषा (ख) लक्ष्यभाषा (ग) दोस्रो भाषा (घ) विदेशी भाषा

२. श्रुतिबोधको कार्यकलाप कुन होइन ?
(क) व्याख्या (ख) बुँदा टिपोट (ग) श्रुतिरचना (घ) वाक्यविभेदीकरण

३. सबैलाई 'सपै' र सदस्यलाई 'सतस्य' जस्ता उच्चारणगत त्रुटि कुन भाषिक परिवारका वक्तामा पाइन्छ ?
(क) भारोपली (ख) द्रविडेली (ग) भोटबर्मेली (घ) अग्नेली

४. सिर्जनात्मक अभिव्यक्ति शिक्षणमा उपयुक्त हुने शीर्षक कुन हो ?
(क) घरपरिवारको (ख) कक्षा बाहिरको
(ग) साथीसँग सम्बन्धित (घ) पाठ्यपुस्तक भित्रको

५. कार्ययोजनामा कुनलाई एकाइ मान्नु बढी व्यवहारिक हुन्छ ?
(क) विधालाई (ख) दुई विधालाई
(ग) प्रत्येक पाठ शीर्षकलाई (घ) दुई पाठ शीर्षकलाई

६. पाठयोजनाको केन्द्रीत स्तम्भ कुन हो ?
(क) उद्देश्य (ख) मूल्याङ्कन (ग) शिक्षण सामग्री (घ)गृहकार्य

७. पाठयोजनामा कस्ता उद्देश्य प्रयोग गर्नुपर्छ ?
(क) व्यापक अर्थ लाग्ने (ख) मापन गर्नु नपर्ने
(ग) धेरै अर्थ लाग्ने (घ) मापन गर्न सकिने

८. नेपाली भाषा शिक्षणसँग सम्बन्धित प्रमुख समस्या कुन कुरासँग बढी निकट छ ?
(क) शिक्षण विधि (ख) पाठ्यक्रम (ग) पाठ्यपुस्तक (घ) शिक्षक

९. कुन तहका लागि पाठ्यवस्तुको छनोट बढी आवश्यक छ ?
(क) प्राथमिक (ख)निम्नमाध्यमिक (ग)माध्यमिक (घ)उच्चमाध्यमिक

१०. भाषातत्त्वको छनोटको आन्तरिक आधार कुन हो ?
(क) समयावधि (ख) तह
(ग) आवृत्ति (घ) विद्यालयको प्रकृति

११. मौन पठनले कुन कुराको विकास गर्न मद्दत पुऱ्याउँछ ?
(क) गम्भीर पठन गर्न (ख) शुद्ध उच्चारण गर्न
(ग) शुद्धवर्ण विन्यास लेख्न (घ) अरूलाई ध्यान दिन

१२. मुख्यत: भाषा शिक्षणमा कुन कुराको मूल्याङ्कन हुनुपर्छ ?
(क) मौलिक सिर्जना (ख) सिप
(ग) अभिवृत्ति (घ) बौद्धिकता

१३. भाषा पाठयोजनाको उद्देश्य कस्तो हुनुपर्छ ?
(क) परीक्षणीय (ख) अभिवृत्तिपरक
(ग) सँस्मरणात्मक (घ) प्रभावपरक

१४.स्वतन्त्र लेखन अभिव्यक्तिको अभ्यास गराउन कस्तो शीर्षक छान्नु उपयुक्त हुन्छ ?
(क) जानेबुझेको (ख) सोध्नु पर्ने
(ग) सोच्नुपर्ने (घ) अनुभव गरेको

१५. वि.सं. २०२८ पूर्वका माध्यमिक नेपाली भाषा पाठ्यक्रममा विशिष्ट रूपमा उल्लेख नभएको कुरा के हो ?
(क) उद्देश्य (ख) पाठसूची (ग) मूल्याङ्कन (घ) विषयवस्तु

१६. प्रारम्भिक कक्षामा व्याकरण शिक्षणको कुन विधि उपयुक्त हुन्छ ?
(क) आगमन (ख) प्रत्यक्ष (ग) निगमन (घ) भाषा पाठ्यपुस्तक

१७. श्रुतिबोध शिक्षणमा कुन सामग्री उपयोगी हुन्छ ?
(क) श्रव्य (ख) दृश्य (ग) पाठ्य (घ) लेख्य

१८.'ऐतिहासिक', 'काल्पनिक' र 'पौराणिक' शब्द सिकाउँदा कुन विधि प्रयोग गर्नु उचित हुन्छ ?

Question Bank Nepal

(क) पर्यायवाची (ख) व्युत्पत्ति
(ग) चित्रप्रयोग (घ) अनुकरण

१९. बहुभाषिक सन्दर्भमा नेपाली भाषा शिक्षण कुन क्षेत्रका विद्यालयमा बढी भेटिन सक्छ ?
(क) ग्रामीण (ख) नगर (ग) काँठ (घ) बेसी

२०. तत्काल पृष्ठपोषण पाउनु पर्ने क्रियाकलाप कुन हो ?
(क) लिखित परीक्षा (ख) कथाकथन (ग) सस्वरवाचन (घ) अर्थान्वेषण

## Exam. 2071

**समयः ३ घण्टा** **पूर्णाङ्क : १००**

**सबै प्रश्नहरू अनिवार्य छन् ।**

**समूह "ख"** **8×7=56**

१. मातृभाषा शिक्षणका प्रमुख प्रयोजनाहरूको वर्णन गर्नुहोस् ।

२. वर्तमान माध्यमिक नेपाली पाठ्यक्रमको 'मूल्याङ्कन प्रक्रिया' स्तम्भको समीक्षा गर्नुहोस् ।

अथवा

भाषा संरचनाको दृष्टिले वर्तमान कक्षा ९ को नेपाली पाठ्यपुस्तकको समीक्षा गर्नुहोस् ।

३. शब्दार्थ शिक्षणमा शब्द र अर्थगत सम्बन्धको भूमिका उल्लेख गर्नुहोस् ।

४. विद्यार्थीका उच्चारणसम्बन्धी कमजोरीका कारण र निदाजनका उपायहरू औंल्याउनुहोस् ।

अथवा

बोलाइमा कमजोर हुनाका कारणहरूको सूची तयार पारी कुनै दुईको चर्चा गर्नुहोस् ।

५. पठन बोध शिक्षणको शिक्षण क्रम उल्लेख गर्नुहोस् ।

६. व्याकरण शिक्षणमा भाषा पाठ्यपुस्तक विधिको स्वरूप र उपयोगिता खुलस्त पार्नुहोस् ।

७. कक्षा १० का लागि श्रुतिबोधको अभ्यास गराउने नमुना लघु पाठयोजना तयार गर्नुहोस् ।

८. भाषिक प्रश्न निर्माणमा विशिष्टीकरण तालिकाको परिचय र महतव दर्शाउनुहोस् ।

अथवा

प्रयोगात्मक परीक्षाका पर्यवेक्षण साधनहरूको परिचय दिनुहोस् ।

**समूह "ग"** **२×१२=२४**

९. दोस्रो भाषाका रूपमा नेपाली शिक्षणको स्वरूप निर्धारण गर्दै सुधारका उपायहरू औंल्याउनुहोस् ।

अथवा

नेपाली शिक्षणका विविध क्षेत्रअन्तर्गतका समस्याहरूको सूची तयार पारी कुनै पाँच समस्याहरूको चर्चा गर्नुहोस् ।

१०. लिखित अभिव्यक्तिको शुद्धीकरणका विविध उपायहरूको रूपरेखा बताउनुहोस् ।

**अथवा "क"** २०

**सबै प्रश्नहरू अनिवार्य छन् । सर्वोपयुक्त उत्तरमा रेजा (√) चिह्न लगाउनुहोस् ।**

१. भाषा शिक्षणमा एक कालिकताको सिद्धान्तको अर्थ के हो ?
(क) हरेक सीपसँग हरेक सीपको आवद्धता
(ख) हरेक सीपसँग हरेक सीपको श्रृङ्खला
(ग) हरेक सीपसँग हरेक सीपको भिन्नता
(घ) हरेक सीपसँग हरेक सीपको असम्बद्धता

२. दोस्रो भाषा सिकाइको प्रतिनिधित्व नगर्ने विशेषता कुन हो ?
(क) कृत्रिम र असहजपन (ख) वातावरणी अपर्याप्ता
(ग) परिश्रमपूर्वक हुने आर्जन (घ) उमेरको प्रौढतासँगै परिष्कार

३. शिक्षणमा मातृभाषालाई माध्यम बनाउने कुरासित कुन कुराले मेल खाँदैन ?
(क) शिक्षालाई सर्वसुलभ बनाउनु
(ख) सहज ढङ्गले शिक्षा हासिल गर्न प्ररित गर्नु
(ग) सामाजिक र सांस्कृतिक विशेषतालाई नजिकबाट चिनाउनु
(घ) एक स्वतन्त्र विषयका रूपमा स्थापित गर्नु

४. पाठ्यक्रम निर्माणमा एकीकृतताको सिद्धान्तले कुन कुराको सङ्केत गर्छ ?
(क) भाषिक सीपहरूलाई अन्तर सम्बन्धित बनाउनु

Question Bank Nepal

(ख) शैक्षिक प्रशासनलाई सर्वपक्षीय र चुस्त बनाउनु
(ग) हरेक विषयका पाठ्यक्रमलाई सापेक्ष ढङ्गले समायोजन गर्नु
(घ) शिक्षण कार्यकलापलाई मात्र आपसी समन्वय गर्नु

५. पाठ्यवस्तु छनोटमा व्यापनको आधारभित्र नपर्ने उपआधार कुन हो ?
(क) प्राप्यता (ख) समावेशन (ग) संयोजन (घ) अर्थ विस्तारण

६. कक्षा ९ र १० को वर्तमान नेपाली पाठ्यक्रममा मेल नखाने पाठ्यवस्तु के के हुन् ?
(क) बुँदा टिपोट र सारांश (ख) सप्रसङ्ग व्याख्या र वक्तृता
(ग) दैनिकी र बुँदा टिपोट (घ) चिठी र वादविवाद

७. कुन पाठ्यक्रममा प्राथमिक तहका सम्पूर्ण कथामा नेपाली भाषालाई १०० पूर्णाङ्क दिइएको हो ?
(क) वि.सं.२०२८ (ख) वि.सं.२०३८ (ग) वि.सं.२४९ (घ) वि.सं.२०६०

८. वर्तमान माध्यमिक तहका नेपाली पाठ्यपुस्तकका अभ्यासात्मक प्रश्नहरूमा देखिने प्रमुख कमजोरी के हो ?
(क) प्रश्नगत विविधताको कमी (ख) स्तरणगत उपयुक्तताको कमी
(ग) शीर्ष निर्देशन विपरीत पुच्छे प्रश्नको बाहुल्य
(घ) समग्र भाषिक पक्षको प्रतिनिधित्वको अभाव

९. पाठ्यपुस्तकको आन्तरिक विशेषताभित्र नपर्ने तत्व कुन हो ?
(क) चित्र (ख) अक्षराकार (ग) शब्दभण्डार (घ) भाषा

१०. सुनेका विषयवस्तुबारेमा सरसर्ती बोध गराउने उद्देश्य भएको श्रुतिलाई के भनिन्छ ?
(क) आंशिक श्रुति (ख) गहन श्रुति (ग) एकाग्र श्रुति (घ) व्यापक श्रुति

११. वक्ता र स्रोता दुबै सक्रिय हुने द्विमुखी कार्यकलाप हुन हो ?
(क) चित्र वर्णन (ख) परिचयात्मक कार्यक्रम (ग) प्रश्नोत्तर (घ) श्रुति प्रयोग

१२. उच्चारण परिष्कारमा सबैभन्दा बाधक तत्व कुनलाई मानिन्छ ?
(क) अनुभव (ख) उमेर (ग) अवसर (घ) वातावरण

१३. लेख्य सामग्रीलाई बोलीमा परिणत गर्ने सीपलाई के भनिन्छ ?
(क) पठन कला (ख) उच्चारण कला (ग) वाचन कला (घ) कथन कला

१४. कसैले टेलिफोन डाइरेक्ट्रीबाट आफन्तको फोन नम्बर खोज्न सरर आँखा दौडायो भने त्यस्ता पठनलाई के भनिन्छ ?
(क) मन्द पठन (ख) मध्यम द्रुत पठन (ग) द्रुत पठन (घ) द्रुततर पठन

१५. तलका कुन शब्द समूहमा वर्णानुक्रम मिलेको छ ?
(क) क्षति, खति, त्रास, ज्ञान (ख) खति, क्षति, त्रास, ज्ञान
(ग) खति, त्रास, क्षति, ज्ञान (घ) क्षति, खति, ज्ञान, त्रास

१६. मौखिक र लिखित दुबै अभिव्यक्तिमा मेल नखानो प्रसङ्ग कुन हो ?
(क) मानवीयसम्बन्ध स्थापना (ख) विचार विनिमय
(ग) भनाइलाई तत्काल संशोधन (घ) भावनाको सञ्चरण

१७. "उनीहरू धित मरुन्जेल बसिएछ", उक्त वाक्यमा कस्तो त्रुटि देखिन्छ ?
(क) वाक्य सङ्गतिसम्बन्धी (ख) वाच्य अन्वितिसम्बन्धी
(ग) पदक्रमसम्बन्धी (घ) वाक्यान्तरणसम्बन्धी

१८. शिक्षकले खुर्सानीको धारणा बसाल्न विद्यार्थीलाई खुर्सानी नै चटाए भने त्यस्तो सामग्रीलाई के भनिन्छ ?
(क) स्पर्श सामग्री (ख) दृश्य सामग्री
(ग) पूरक सामग्री (घ) मौखिक सामग्री

१९. भाषाको प्रत्यक्ष प्रयोग अनुभव दिलाएर व्याकरणात्मक धारणा र सचेतना विकास गर्नमा कुन विधि केन्द्रित रहेको पाइन्छ ?
(क) पाठ्यपुस्तक विधि (ख) आगमन विधि (ग) निगमन विधि (घ) प्रत्यक्ष भाषा विधि

२०. पृथकीकृत ढङ्गले मूल्याङ्कन गर्न नमिल्ने भाषाको प्रमुख पक्ष के हो ?
(क) व्याकारणात्मक प्रयोग पक्ष (ख) पहिचानात्मक पक्ष
(ग) शब्दभण्डारगत पक्ष (घ) सम्पादनात्मक पक्ष

Question Bank Nepal

Exam. 2072

समय: ३ घण्टा पूर्णाङ्क : १००

सबै प्रश्नहरू अनिवार्य छन् ।

समूह 'ख' ८×७=५६

१. दोस्रो भाषाका प्रकारहरूको परिचय दिनुहोस् ।

२. शिक्षण माध्यमका रूपमा मातृभाषाको उपयोग सम्भावनाबारे तर्क दिनुहोस् ।

३. वर्तमान माध्यमिक नेपाली भाषा पाठ्यक्रमको 'मूल्याङ्कन' स्तम्भको समीक्षा गर्नुहोस् ।

अथवा

पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्धमाथि प्रकाश पार्नुहोस् ।

४. मौखिक अभिव्यक्तिमा कमजोर हुनुका कारणहरू उल्लेख गर्नुहोस् ।

५. शब्दार्थ शिक्षणका 'सन्दर्भ व्याख्या विधि' र 'प्रयोग अभ्यास विधि' को सौदाहरण परिचय दिनुहोस् ।

अथवा

लिखित अभिव्यक्ति शुद्धीकरणका उपायहरूको सूचीकरण गरी कुनै तिनवटाको परिचय दिनुहोस् ।

६. वर्ण विन्यास शिक्षणका कार्यकलापपहरू सूचीबद्ध दिनुहोस् ।

७. माध्यमिक तहमा व्याकरण शिक्षणको आवश्यकताच्र र औचित्य देखाउनुहोस् ।

अथवा

व्याकरण शिक्षणमा भाषा पाठ्यपुस्तक विधिबारे खुलस्त पार्नुहोस् ।

८. नेपाली भाषा शिक्षणमा प्रयोग हुन सक्ने दृश्य सामग्रीहरूको चिनारी गराउनुहोस् ।

समूह 'ग' २×१२=२४

९. नेपाली भाषा पाठ्यक्रमको २०२८ पूर्वको स्थितिको सर्वेक्षण गर्नुहोस् ।

अथवा

माध्यमिक तहका पुराना र वर्तमान नेपाली भाषा पाठ्यपुस्तकहरूको आन्तरिक आधारमा तुलना गर्नुहोस् ।

१०. वाचन कला शिक्षणका कार्यकलापहरूको परिचय दिनुहोस् ।

समूह 'क' २०

**सबै प्रश्नहरू अनिवार्य छन् । सर्वोपयुक्त उत्तरमा रेजा (√) चिह्न लगाउनुहोस् ।**

१. नेपाली बाहेक अन्य विषय शिक्षणमा शुद्ध नेपाली प्रयोगमा वास्ता नगर्नुलाइ कुन समस्याअन्तर्गत राख्न सकिन्छ ?

क. पाठ्यक्रम सम्बन्धी ख. स्तरीयता सम्बन्धी

ग. शिक्षण विधि सम्बन्धी घ. विवेकहीन दृष्टि सम्बन्धी

२. नेपालका सन्दर्भमा द्विभाषिक कक्षा भन्नाले के कुरा बुझिन्छ ?

क. नेपालीभाषा र अन्य कुनै स्थानीयभाषी विद्यार्थीहरूको समउपस्थिति

ख. नेपालीभाषी र अन्य विविध स्थानीयभाषी विद्यार्थीहरूको समउपस्थिति

ग. नेपालीभाषी विद्यार्थीहरूको शून्य उपस्थिति र अरू भाषाभाषीको मिश्रित उपस्थिति

घ. नेपालीभाषी र अन्य भाषाभाषी विद्यार्थीहरूको मिश्रित उपस्थिति

३. माध्यमका रूपमा मातृभाषाको उपयोग सन्दर्भले के जनाउँछ ?

क. सम्बद्ध भाषाको विषयगत ज्ञानको विकास

ख. सम्बद्ध भाषाको साहित्य र सिर्जनात्मक कलाको विकास

ग. सम्बद्ध भाषाको कोश र व्याकरणहरूको विकास

घ. सम्बद्ध भाषाको ग्रहण र अभिव्यक्ति सिप विकास

४. रेखीय र चक्रीय स्तरणको सबभन्दा ठूलो भिन्नता के हो ?

क. सिपगत पृथक्ता र एकीकृतता

ख. सिद्धान्तगत र सिपगत झुकाव

ग. विषय केन्द्रीकता र सिप केन्द्रिकता

घ. विषयवस्तुगत क्रमिकता र आवृत्ति

५. नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको स्थापना कहिले भयो ,



Question Bank Nepal

क. वि.सं.१९९० साल ख. वि.सं.२००७ साल
ग. वि.सं.२०१० साल घ. वि.सं.२०१८ साल

६. वर्तमान माध्यमिक भाषा पाठ्यपुस्तकहरू बोधगम्यताका दृष्टिले किन कमजोर मानिन्छ ?
क. विषय वस्तुगत जटिलता बढी भएर
ख. वाक्य संरचनागत जटिलता बढी भएर
ग. शब्द भण्डारगत जटिलता बढी भएर
घ. शैलीगत जटिलता बढी भएर

७. वर्तमान माध्यमिक भाषा पाठ्यपुस्तकमा सबैभन्दा हेलचेक्र्याइ कुन पक्षमा देखिन्छ ?
क. अभ्यासात्मक सन्तुलन ख. प्रयोजनपरक विविधता
ग.. समसामयिक सन्दर्भ घ. भाषा संरचनाको नियन्त्रण

८. श्रुतिबोधको केन्द्रीय कार्यकलाप कुन हो ?
क. श्रुति प्रश्नोत्तर ख. श्रुति लेखन
ग. श्रुति निर्देशन घ. श्रुति वर्णन

९. पोखायो, सकायो, हुयो, हुएको छ जस्ता त्रुटिलाई के भनेर अर्थ्याउन सकिन्छ ?
क. सरलीकरणगत ख. अनौचित्यगत
ग. जटिलतागत घ. अतिसामान्यीकरणगत

१०. उच्चारण शिक्षण कुन भाषिक सिपसँग ज्यादा सम्बन्धित हुन्छ ?
क. सुनाइ ख. बोलाइ ग. पढाइ घ. लेखाइ

११. पठन कलाको केन्द्रीय मर्म कुन कुरामा निर्भर हुन्छ ?
क. पठन बोधमा ख. उच्चारण शुद्धतामा ग. भाषेतर हाउभाउमा घ. वाचन प्रवीणतामा

१२. द्रुत पठनसँग मेल नखाने कार्यकलाप कुन हो ?
क. प्रश्नोत्तर ख. सारांश कथन ग. पदवर्ग छनोट घ. बुँदा टिपोट

१३. शब्दको सन्दर्भपरक अर्थले कुन कुरा जनाउँदैन ?
क. कोशीय अर्थ ख. लाक्षणिक अर्थ
ग. व्यञ्जनात्मक अर्थ घ. प्रतीकात्मक अर्थ

१४. माध्यमिक तहको लेखन कलाको प्रयोजन के होइन ?
क. व्यावसायिक लेखन ख. व्यावहारिक लेखन
ग. साहित्यिक लेखन घ. टिप्पणी लेखन

१५. लेखन कलाको उत्तरवर्ती कार्यकलापभित्र नपर्ने कार्यकलाप कुन हो ?
क. प्रश्नोत्तर लेखन ख. अनुलेखन ग. अनुच्छेद लेखन घ. निबन्ध लेखन

१६. वाक्य रचना शिक्षणमा शिक्षणीय वाक्य ढाँचाहरूको पहिचान किन आवश्यक पर्छ ?
क. विद्यार्थीहरूको लेख्ने अभ्यासको प्रकृति पहिचान गर्न
ख. वाक्य रचना शिक्षणको औपचारिक सुरुवात गर्न
ग. शिक्षणीय वाक्य ढाँचाहरूको विन्दु पत्ता लगाउन
घ. वाक्य रचना शिक्षणको पूर्व तयारी गर्न

१७. पाठ्य सामग्रीहरूको आधारमा वर्तमान माध्यमिक तहमा मूलत: कुन व्याकरण शिक्षण विधिलाई अपनाउन खोजिएको देखिन्छ ?
क. आगमनात्मक विधि ख. निगमनात्मक विधि
ग. भाषा पाठ्यपुस्तक विधि घ. प्रत्यक्ष वा भाषा संसर्ग विधि

१८. सामान्य पाठ योजनाबाट लघु पाठ योजनालाई छुट्याउने आधार के होइन ?
क. विषयवस्तुको क्षेत्र ख. कार्यकलापको क्षेत्र ग. उद्देश्यको क्षेत्र घ. मूल्याङ्कन क्षेत्र

१९. स्थिर सामग्रीको उदाहरण कुन हो ?
क. चित्र ख. कालो पाटी ग. पाठ्यपुस्तक घ. फलाटिन पाटी

२०. भाषिक मूल्याङ्कनमा विवेचनात्मक प्रश्नका माध्यमले विषयगत ज्ञानलाई प्रश्रय दिइयो भने त्यस्तो प्रश्नलाई के भन्न सकिन्छ ?
क. अवैध ख. अविश्वसनीय ग. अव्यावहारिक घ. अस्पष्ट

Question Bank Nepal